लेखापरीक्षण प्रतिवेदन

चौरपाटी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चौरपाटी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/80

श्रीमान् अध्यक्षज्यू,
चौरपाटी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अछाम।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/80

श्रीमान् अध्यक्षज्यू ,

चौरपाटी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अछाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब १६ करोड ५३ लाख ८९ हजारको लेखापरीक्षणबाट रू.३ करोड १३ लाख ११ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.३ लाख सम्परीक्षण भई असुल गर्नुपर्ने रू.२५ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९९ लाख ६० हजार, नियमित गर्नुपर्ने रू.१ करोड ५२ लाख ३० हजार र पेश्की बाँकी रू.३२ लाख ४० हजार गरी जम्मा रू.३ करोड १० लाख ११ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१९ करोड २८ लाख ३५ हजारमा यसवर्षको थप समेतहालसम्म अद्यावधिक बेरुजू रु.२२ करोड ३८ लाख ४६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन [illegible]

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८०	८३	३,१३,११,६७६	०	१३	३,००,४७५	०	८०	७०	३,१०,११,२०१	२५,८०,७५८	१,५२,२९,९५७	९९,६०,४८६	०	०	२,५१,९०,४४३	३२,४०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	१९,२८,३५,३९२	०	०	१९,२८,३५,३९२	०	३,१०,११,२०१	२२,३८,४६,५९३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	९७	सवारी भाडामा बढी भुक्तानी	३८,७००
२	२०८१/८२	४८	विद्यालयलाई खेलकुद अनुदान	१,६२,०००
३	२०८१/८२	८१	बढी भुक्तानी	२१,१७५
४	२०८१/८२	३८	पोशाक खर्च	१०,०००
५	२०८१/८२	५२	दोहोरो सञ्चार खर्चः	४,६००
६	२०८१/८२	६६	ट्याक्टर भाडा	१४,०००
७	२०८१/८२	४०.२	छात्रवृत्ति	५०,०००
जम्मा				३,००,४७५

चौरपाटी गाउँपालिका, अछाम

(८०७७२५०१३००)

चौरपाटी गाउँपालिका , अछाम

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२९ देखि २०८२।५।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय – व्ययतर्फ रू.१ अर्ब १६ करोड ५३ लाख ८९ हजार ९८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ८४२४९।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	रकम रू.
१	शिक्षक दिपक वहादुर कुँवरलाई बढी स्थानीय भत्ता असूली	१३२००
२	शिक्षक सुनिता चौधरीलाई वढी तलब भत्ता निकासा असूली	४४३९९
३	मेशिन तथा टयाक्टर भाडा असुली	१९९००
४	गाउँसभामा उपस्थिति बेगरको भत्ता	६७५०
जम्मा		८४२४९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत विवरण तपशिल बमोजिम रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७० अनुसूचीमा संलग्न रहेको छ ।

एकीकृत आय व्यय विवरण					
प्राप्ती			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात		३०८१६४४५।१५	चालु खर्च		३४९९२६८४९.
१. संचित कोष खाता (ग ४.१)	२१७४४२११		१.पालिकातर्फ	१५७९१८८७६	
२. धरौटी खाता (ग ३.१ -पालिकातर्फ)	७६७९१९४.२७		२. संघीयसशर्त	१८६९०५४९१	
३.विविध खर्च खाता (ग २.७)	१८१२३१		३. संघीयविशेष	०	
४. विविध कोष खाता (ग ५.१)	७३८४००		४. प्रदेशसशर्त	३१९९००	
५. प्रकोप व्यवस्थापन कोष खाता (ग ७.२)	७०३१९.५०		५. प्रदेशविशेष	४७८२५८३	
६. स्थानिय तह बिभाज्ज्य कोष खाता (ग ६.१)	४०३०९०		६. अन्य	०	
७. एम्बुलेन्स खर्च खाता (स्थानीय कार्यविधिबमोजिम सञ्चालित)	०		पुँजीगतखर्च		१०२८७८५८६
८. लैङ्गिक हिंसा निवारण कोष खाता (स्थानीयकार्यविधि बमोजिम सञ्चालित)	०		१.पालिकातर्फ	५८५४९५०९	
९. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ			२. संघीयसशर्त	१४११४०००	
क. संघ	०		३. संघीयविशेष	८००००००	
ख. प्रदेश	०		४. संघीयसमपुरक	०	
यस वर्षको आय			५. प्रदेशसशर्त	१५९०००००	
१.आन्तरिक आय	४७४६४८०	४७४६४८०	६. प्रदेशविशेष	०	
२.वित्तीय हस्तान्तरण (संघ)		४०२३५०६४७	७. प्रदेशसमपुरक	६३१५०७७	
क.समानिकरण अनुदान	८३०४२८००		अन्तर सरकारी अख्तियारी (संघ)		१२२७५३३९२
ख.राजश्व बाँडफाँड (रोयल्टी बाहेक)	९७८३२३०२		क. सामाजिकसुरक्षा	११९९५३३९३	
ग.सशर्त अनुदान	२१३३०१०००		ख. उच्च पहाडी एबं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरणकार्यक्रम	१९९९९९९	
घ.समपुरक अनुदान	०		ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२०००००	
ङ.विशेष अनुदान	८००००००		घ.विद्यालय शिक्षा क्षेत्र योजना	६०००००	
च.रोयल्टी (जलस्रोत, बन, पर्यटन)	१७४५४५		अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०
छ.अन्य	०		धरौटी फिर्ता/ सदरस्याहा (अन्तर सरकारी अख्तियारी)		०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३८१३६२६७	क. संघ	०	
क.समानिकरण अनुदान	७७०६०००		ख. प्रदेश	०	
ख.राजश्व बाँडफाँड	२८५७४५२		ऋण फिर्ता (साँवा)	०	०

ग.सशर्त अनुदान	१६४५००००		ऋणको व्याजभुक्तानी	०	०
घ.समपुरक अनुदान	६३१५०७७		धरौटी फिर्ता (पालिका तर्फ)	२२२४९३९	२२२४९३९
ङ.विशेष अनुदान	४८०७७३८		कार्य सञ्चालन कोषबाट भएको खर्च		२४४०९१६
च.रोयल्टी	०		क. विविध खर्च खाता	२४४०९१६	
४. स्थानीय राजश्व बाँडफाड	०	०	ख. प्रकोप व्यवस्थापन कोष	०	
५.अन्तरसरकारी अख्तियारी (संघ)		१२२७५३३९२	ग. एम्बुलेन्स खर्च खाता	०	
क.सामाजिक सुरक्षा	११९९५३३९३		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०
ख. उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथाआर्थिक सशक्तिकरण कार्यक्रम	१९९९९९९		अन्य सहयोगमा सञ्चालित योजना	०	
००ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२०००००		अन्य खर्चभएमा	०	
०घ.विद्यालय शिक्षा क्षेत्र योजना	६०००००		अनुदानफिर्ता		
६. अन्तर सरकारी अख्तियारी (प्रदेश)		०	१. संघतर्फ		१२२८१५०९
क.सामाजिक सुरक्षा	०		क. सशर्तअनुदान	१२२८१५०९	
ख.गरिबसँग विश्वेश्वर कार्यक्रम	०		ख. विशेषअनुदान	०	
७. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ		०	ग. समपुरकअनुदान	०	
क.संघ	०		२. प्रदेशतर्फ		२५५२५५
ख.प्रदेश	०		क. शसर्तअनुदान	२३०१००	
८. ऋण/ वित्तिय व्यवस्था	०	०	ख. विशेषअनुदान	२५१५५	
९. धरौटी आय (पालिका तर्फ)	२२८०६१३	२२८०६१३	ग. समपुरकअनुदान	०	
१०. कार्यसञ्चालन कोष आय		२३६०२५२	अन्तिमबैंक मौज्दात		१०६८२६४८
क.प्रकोप व्यवस्थापन कोष	०		१. संचितकोष खाता (ग ४.१)	२०५४५२६	
ख.विविध खर्च खाता	२३६०२५२		२. धरौटी खाता (ग ३.१ -पालिका तर्फ)	७७३४८६८	
ग.बिबिध कोष खाता	०		३. विविधखर्च खाता (ग २.७)	८४५३४	
घ.अन्य कोषको आय	०		४. विविध कोष खाता (ग ५.१)	७३८४००	
११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०	५. प्रकोप व्यवस्थापन कोष खाता (ग ७.२)	७०३२०	
१२. अन्य सहयोगमा सञ्चालित योजना	०	०	६. एम्बुलेन्स खर्च खाता (स्थानीय कार्यविधि बमोजिम सञ्चालित)	०	
१३. अन्य आय भएमा	०	०	७. लैङ्गिक हिंसा निवारण कोष खाता (स्थानीय कार्यविधि बमोजिमसञ्चालित)	०	
			८. धरौटी (अन्तर सरकारी अख्तियारी) तर्फ	०	

जम्मा	६०३४४४०९५.४९	६०३४४४०९५.४९	जम्मा	६०३४४४०९५.४९	६०३४४४०९५.४९

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. ११९९५३३९३.००, उच्च पहाडी एबं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रमतर्फ १९९९९९.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु २०००००.०० र विद्यालय शिक्षा क्षेत्र योजनातर्फ रु ६०००००.०० समेत रु १२२७५३३९२.०० को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक जिम्मेवारी**

पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर गत वर्षको पालिकको एकीकृत आय व्यय विवरण प्रतिवेदन बमोजिम स्थानीय तह बिभाज्य कोष खातामा अन्त्यमा रु. ४०९०९० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ४०३०९० जिम्मेवारी सारेको देखियो । जस अनुसार गत वर्षको अन्तिम मौज्दातभन्दा रु. ६००० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	६,०००

५ **बैंक मौज्दातः**

एकीकृत वित्तीय विवरणको बैंक मौज्दात रु. १,०६,८२,६४८।१८ रहेकोमा म.ले.प.फा.नं. २७० बमोजिम रु १,०४,३४,१३६.१४ बैंक मौज्दात देखिएकोले म.ले.प.फा.नं. २७० भन्दा वास्तविक बैंक मौज्दात रु. २४८५१३।०४ बढी रहेको छ । बैंकमा रहेको मौज्दात बराबर नै सुत्र प्रणालीको बैंक मौज्दात देखिनु पर्नेमा सो भन्दा घटी देखिएकोले सुत्र प्रणालीमा घटी मौज्दात देखिएको रकम रु. ९२,८०३.२१ को हिसाब मिलान हुनु पर्दछ।

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सरदेवी खड्काले मिति २०८१।०३।०७ गते रु ४७ करोड ५० लाख २५ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरीक आयबाट रु ४७,४६,४७९.७, राजस्व बाँडफाँड र अनुदानबाट रु ४४,०४,८६,९१३.८१ समेत र ४४,५२,३३,३९३.५१ आम्दानी भएकोमा चालु तर्फ रु ३४९९२६८४९.३७ र पूँजीगत तर्फ रु १०२८७८५८६ समेत रु ४५२८०५४३५.३७ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७३५७०६० खर्च भएको छ जुन आन्तरिक आयको १५१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७९.४६ प्रतिशत चालु र २३.३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले

विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथौ त्रैमासिक	आषाढ महिना
१	पूँजिगत खर्चतर्फ	१०,२८,७८,५८६	८४०५४२६.०	१७४८८९९१	१९८७०३८५	५७११३७८४	५०५७५३२१
	प्रतिशत	.	८.१७	१७.००	१९.३१	५५.५१	४९.१६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,२८,७८,५८६ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८४,०५,४२६.०० (८.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,७४,८८,९९१ (१७.०० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १,९८,७०,३८५ (१९.३१ प्रतिशत) र चौथौ त्रैमासिकमा रु ५७११३७८४ (५५.५१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,०५,७५,३२१ (४९.१६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	कुल खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	**९७,६२,९५०.००**	८६,८२,७५१.०६	**१.९२**
२	पूर्वाधार विकास	**५,५७,२१,६७१.००**	**५,१३,४२,४७८.००**	**११.३४**
३	सामाजिक विकास	**२८,४४,२८,९९३.००**	**२६,५५,१८,४९६.६०**	**५८.६३**
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	**१,४५,८३,५९७.००**	**१,२४,५१,८८१.००**	**२.७५**
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	**१३,३६,७१,९९९.६२**	**११,४८,०९,८२८.७१**	**२५.३६**
जम्मा		**४९८१६९२१०.६२**	**४५२८०५४३५.३७**	**१००.००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.६३ प्रतिशत खर्च भएको छ भने आर्थिक विकासमा १.९२ तथा पूर्वाधार विकासमा **११.३४** प्रतिशत रहेको छ ।आर्थिक तथा पूर्वाधार विकासमा बजेट वृद्धि गर्नुपर्ने देखिन्छ ।

१० रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष चालु तथा पूँजीगत शीर्षकमा रु. ९४ लाख ५० हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु. ४७ करोड ५० लाख २५ हजारको तुलनामा १.९८ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

११ बजेट सीमा निर्धारण समिति

बजेट सीमा निर्धारण समिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१२ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १००८ वटा, मृत्युदर्ता २२६ वटा, विवाह दर्ता २७२, सम्बन्ध विच्छेद ३ लगायत अन्य सिफारिस लगाएतका सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

१३ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड २८ लाख ७८ हजार पूँजीगत खर्च खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य वेहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई खर्च गरेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति

उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यबस्था अनुरुप पालिकाले प्रथम आबधिक योजना २०७७।०७८-२०८२।०८३ बनाएको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सालवसाली विषयहरुलाई भन्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी ढङ्गले कार्यान्वियन गर्नुपर्दछ ।

१६ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व.२०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

कृषि तथा पशु तर्फ

- कृषकहरुको सहायताका लागि आवश्यक कृषि एम्बुलेन्सको लागि संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- कृषिमा आधारित अर्थतन्त्र थप मजबुत बनाउन तथा पशुपालन, दुग्ध उत्पादन, मासु तथा अण्डा उत्पादन गरी ग्रामिण अर्थतन्त्रलाई मजबुत बनाउदै पशुपालन व्यवसायलाई सम्मानजनक र नाफामुखी व्यवसायका रुपमा विकास गर्न कार्यक्रम तजुर्मा गरी लागु गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको। पर्यटन तर्फ
- फट्टकाल्ना क्षेत्रमा पाइने सिंहमर्मरको अध्ययन अनुसन्धान गरि संरक्षण गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न चौरपाटी गाउँपालिका को पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- मुख्य स्थान चोक र चौरपाटी गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ भनिएकोमा कार्यान्वियन नभएको।

  उद्योग तर्फ

- औधोगिक तथा ब्यावसायिक विकासका लागि चौरपाटी गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- सम्पूर्ण स्वदेशी कच्चा पदार्थ उत्पादन गरी साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ भनिएकोमा कार्यान्वियन नभएको।

सहकारी तर्फ

- सहकारी संचालनका लागि बिउपुंजीको व्यवस्थापन गरिने छ भनिएकोमा कार्यान्वियन नभएको।
- उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ भनिएकोमा कार्यान्वियन नभएको।

शिक्षा तर्फ

- चौरपाटी गाउँपालिकाको स्थानीय पाठ्यक्रमका अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक साथै गुणस्तरीय शिक्षा दिन जोड दिइनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- चौरपाटी गाउँपालिका भित्र स्नातक तह सम्म अध्ययन गर्नका लागि चौरपाटी बहुमुखी क्याम्पस संचालन गर्ने नीति लिईनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- सम्पूर्ण माध्यमिक विद्यालयहरुमा स्काउट कार्यक्रम संचालन गरि सुरक्षा सम्बन्धि तालिम उपलब्ध गराईने छ भनिएकोमा कार्यान्वियन नभएको।

भौतिक पूर्वाधार विकास तर्फ

- आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- दिर्घकालिन लगानी मार्गदर्शनका लागि चौरपाटी गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ भनिएकोमा कार्यान्वियन नभएको
- आवासको हकलाई सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वियन गरिनेछ यसका लागि निजीक्षेत्रसंग साझेदारी समेत गर्न सकिनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- चौरपाटी गाउँपालिका को विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी चौरपाटी गाउँपालिका गौरवका आयोजनाको रुपमा कार्यान्वियन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन भनिएकोमा कार्यान्वियन नभएको।
- एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।

सुशासन तथा संस्थागत विकास तर्फ

- गाउँ प्रहरी सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी पदपूर्ति गर्ने नीति लिइनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ भनिएकोमा कार्यान्वियन नभएको।
- चौरपाटी गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको।

- विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको।

१७ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, २४ वटा कार्यविधि, मापदण्ड लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१८ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्ष ३ विवाद थप भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकामा हालसम्म १६ सहकारी संस्था दर्ता गरेको छ । पालिकाभित्र रहेका सहकारीको विवरण पालिकाले राख्ने गरेको पाइएन भने २ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२० **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष सञ्चालन भएका योजनाहरू देहायअनुसार छन्:

क्र.सं.	**विवरण**	**योजनासंख्या**	**रकम**
१	रु.१ लाखभन्दा कमको योजना	१४	९५२०००
२	रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना	३३	१०६०७०००
३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	३४	२८३८२०००
४	रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना	२५	४७७३७०००
५	रु.५० लाख भन्दा माथिका	२	१५२०००००
	जम्मा	**११२**	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख घटी देखि.८० लाख सम्मका जम्मा ११२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १४ वटा योजनाहरु रहेका छन् । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

२१ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी ८८ स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर सहित ३६ पदहरु रिक्त रहेको विवरण प्राप्त भएको छ। पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।

२२ वडा सचिवको पदपूर्ति :

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
७	०७	०३	०४

२३ धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले एक वर्षसम्म धरौटी फिर्ता लिन नआएको खण्डमा सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको नभएको छुट्याएको छैन साथै कार्यालयको धरौटी खातामा असाढसम्म रु. ७७३४८६७।८२ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुर्याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न ध्यान दिनु पर्दछ।

२४ गत् विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.५ करोड ९ लाख ९७ हजार ३४ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत् विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२५ PAMS मा फरक पोष्टिङ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयले खरिद गरेको मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो भौ नं ११०।२०८१।०८।१० मा साल्ट ट्रेडिङ कर्पोरेशनबाट ८०० बोरा नुन रु ४५० का दरले खरिद गरी रु ३६०००० भुक्तानी गरेकोमा PAMS मा भ्याट रु ४६८०० सहित खरिद मूल्य रु ४०६८०० कायम भइ पोष्टिङ भएको छ । खरिद गरेको वास्तविक मूल्यका आधारमा पाम्स पोष्टिङ गर्नुपर्ने कुरामा कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

२६ पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम

गत विगत वर्षको रु. १०,००,०००। र यस वर्षको म्याद ननाघेको रु.३६,५३,०००।०० पेश्की बाँकी देखिएकोले पेश्की बाँकी रकम नियमानुसार फछ्यौट गर्नुपर्दछ।

भौ नं	**पेश्की लिनेको नाम**	**विवरण**	**गत आवको**	**यस आवको**	
				म्याद नाघेको	म्याद ननाघेको
विगत वर्ष	कौशिक निर्माण सेवा	चौरपाटी गाउँपालिका भवन पुर्बाधार निर्माण	१००००००		२२४००००
विगत वर्ष	लाली गुरास /हिलवेज जे.भि	बिरखम्ब चिरकिट्टे हुँदै चौपायाखालि सडक स्तरोन्नति			६३००००
विगत वर्ष	श्री बैजनाथ मा वि	अन्य सार्वजनिक निर्माण			७८३०००
जम्मा			१००००००		**३६५३०००**

२७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२८ प्रधानमन्त्री रोजगार कार्यक्रम

कामको लागि पारिश्रमिकमा आधरित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७) को दफा ४ (३) मा श्रममुलक आयोजना छनौट गर्दा स्थानिय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरी आयोजना बैंक तयार गर्नुपर्ने र यसरी स्वीकृत भई आयोजना बैंक रहेको आयोजनाहरुबाट प्राथमिकता क्रममा रहेको बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णय अनुसार आयोजना सञ्चालन गर्नुपर्ने उल्लेख छ । युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६ दफा ४५ (१) ख मा हाजिरीको अभिलेख वडा समितिमा पुनरावलोकनको लागि पेश गर्नुपर्नेछ र ४५(१) मा वडा समितिले कार्य प्रगतीको आधारमा लाभग्राहीको हाजिरीको आवश्यक पुनरावलोकन गरी भुक्तानीको लागि रोजगार केन्द्रलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८१।८२ को प्रगति विवरण अनुसार सुचिकृत बेरोजगारको संख्या २६०८ रहेकोमा ८५ ले रोजगारी प्राप्त गरेका छन्। कुल रोजगार दिन ८४६० भएको देखिन्छ यसलाई आधार मान्दा प्रति व्यक्ति औषत ९९.५२ दिन रोजगार पाएको देखिन्छ। सो कार्यको लागि कुल विनियोजित बजेट रु ५६५२००० मध्ये रु ५६५१२८० खर्च गरी बाँकी रकम रु. ७२० फिर्ता गएको देखिन्छ ।माथी उल्लेखित व्यवस्था अनुसार आयोजना बैंक नरहेको तथा भुक्तानीको लागि वडा समितिले पुनरावलोकन गरी रोजगार केन्द्रमा सिफारिस गरी भुक्तानी व्यवस्था गरेको पाईएन ।बेरोजगारी पनि रहेको तथा बजेट पनि भएको अवस्थामा योजना बैंक तथा सक्रिय श्रमिक नभएको र पालिकाको तर्फबाट उचित पहल नभएको कारण रोजगारी तथा आय आर्जन गरी नागरिकको जीवनस्तर उकास्ने यस कार्यक्रमको लक्ष्य अनुसारको कार्य भएको देखिदैन । यस सम्बन्धमा पालिकाले उचित पहल कदमी लिई आयोजना बैंक बनाई सोहीबाट सुचिकृत बेरोजगारलाई रोजगारी र आयआर्जनको सुनिश्चितता गरी जीवनस्तरमा सुधार एवं गरिबी निवारणमा जोड दिनुपर्दछ ।

२९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा

बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०८०।८१ र २०८१।८२ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स्र.	राजश्व शीर्षक वितरण	आ व२०८०।०८१		आ व२०८१।०८२	
		प्रक्षेपण	अशुली	प्रक्षेपण	अशुली
१	सम्पत्ति कर	२५००००	१८७६६८.३	२५००००	१८७६९८.२५
२	भूमिकर/मालपोत कर	४०००००	३७५३४८.६५	५५१०००	७७४०५६.३७
३	बहाल कर	१९००००	६२४५७.६२	१९००००	१०५३२७.९२
४	अन्य मनोरञ्जन कर	०	०	०	१०.००
५	व्यवसायले भुक्तानी गर्ने	०	१४०००	०	२१९५००.००
६	अन्य कर	७००००	६४९१६	०	१२८५२.००
७	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	१०००००००	२१४८८३६	१०८०००००	१७०२७५०.००
८	सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम	०	४४९६८९	१२००००	५१३०२३.४०
९	अन्य बिक्रीबाट प्राप्त आय	७००००	४७८११	७१०००	०.००
१०	अन्य सेवा शुल्क तथा बिक्री	१५०००	२२८५	१८०००	०.००
११	शिक्षा क्षेत्रको आम्दानी	०	२७००	०	४९९००.००
१२	परीक्षा शुल्क	०	६४६००	०	११०००.००
१३	अन्य प्रशासनिक शुल्क	३००००	८३०००	३००००	१०४२५०.००
१४	सिफारिस दस्तुर	५०००००	५८७३३५	५०००००	४३८९६०.००
१५	व्यक्तिगत घटना दर्ता दस्तुर	४५००००	३२०४००	४५००००	४४६२००.००
१६	नाता प्रमाणित दस्तुर	५००००	४८३००	५००००	१४३००.००
१७	अन्य दस्तुर	२०००००	५७३८९३	२०००००	०.००
१८	व्यासाय रजिस्ट्रेसन दस्तुर	१०००००	६२४४५०	१३५०००	१५००.००
१९	न्यायिक दण्ड जरिवाना र जफत	५००००	०	५००००	०.००
२०	प्रशासनिक दण्ड जरिवाना र जफत	९५०००	३०५८००	१२५०००	६८०००.००
२१	बेरुजु	०	०	५५०००	११९०५८.००
२२	अन्य राजस्व	०	०	०	७९५४४.६
२३	दहत्तर बहत्तर शुल्क विभाज्य कोष	५३००००	१००७७२५	०	३१७७७१.६
	जम्मा	**१३००००००**	**६९७१२१४.५७**	**१३५९५०००**	**५१६५७०२.१४**

उपर्युक्त तालिका अनुसार पालिकाले आ.व. २०८०।८१ मा रु. १ करोड ३० लाख राजस्व उठाउने लक्ष्य लिएकोमा रु.६९ लाख ७१ हजार अर्थात लक्ष्यको तुलनामा ५३.६२ प्रतिशत असुली भएको देखिन्छ भने आ.व. २०८१।८२ रु. १ करोड ३५ लाख ९५ हजार उठाउने लक्ष्य लिएकोमा ५१ लाख ६६ हजार अर्थात् लक्ष्यको तुलनामा ३८ प्रतिशत मात्र असुली भएको छ । शीर्षकगत रुपमा हेर्दा आर्थिक वर्ष २०८१।८२ मा लक्ष्यको तुलनामा व्यवसाय रजिष्ट्रेशन दस्तुर १.१ प्रतिशत, सरकारी सम्पत्तिको दस्तुर २८.६ प्रतिशत मात्र असुली भएको देखिन्छ । त्यसैगरी सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आय ४२७.५ प्रतिशत, अन्य प्रशासनिक सेवा शुल्क ३४७.५

प्रतिशत, भूमिकर मालपोत १४०.५ प्रतिशत सम्म असुली भएको देखिन्छ । यसरी केही शीर्षकमा लक्ष्य भन्दा बढी असुली भएतापनि समग्र असुली लक्ष्यको तुलनामा न्यून देखिएकोले पालिकाले संभावित राजस्वका श्रोतहरु पहिचान गरी यथार्थपरक रुपमा लक्ष्य तोकि उक्त लक्ष्य हासिल गरी राजस्व वृद्धि गर्नु पर्दछ ।

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध शिर्षकवाट रु. ८,९६,९४७।०० खाना खाजा र अतिथि सत्कारमा रु.८,९३,२८५।०० समेत रु.१७,९०,२३२।०० खर्च गरेको छ । परीक्षण गर्दा खर्च पुष्टी हुने प्रमाण र कारण उल्लेख नगरी बिल मात्र संलग्न गरेको देखिन्छ । त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३१ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा जम्मा ३६ जनालाई रु. ८,६५०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

३२ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २४,३४,९६१ खर्च लेखेको छ । पालिकाले भ्रमण आदेशमा भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि स्पष्ट रुपमा राखेको छैन ।नियममा भएको व्यवस्था बमोजिम अभिलेख व्यवस्थित गरी खर्च लेख्नुपर्दछ ।

३३ **प्रोत्साहन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । चौरपाटी गाउँपालिकाको मिति २०८२।०३।२५ को गाउँसभाको निर्णय अनुसार आ.व. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणमा खटिने ६ जनाकर्मचारीहरुलाई अन्य भत्ता शीर्षकबाट खर्च हुने गरी खाइपाइ आएको १ महिना बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय बमोजिम रु. २,१६,६०४ प्रोत्साहन भत्ता खर्च गरेको छ । पालिकाले यस किसिमको प्रोत्साहन भत्ता वितरण गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिइ आफ्नो आन्तरिक आय समेतलाई विचार गरी वितरण गर्नुपर्दछ ।

३४ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा १३९ जना कर्मचारीहरु करारमा राखि रु ३,७९,२७,८९६। खर्च लेखेको छ ।

३५ **स्वीकृत दरवन्दी वेगरको करार सेवा**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा पालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करार लिन सकिने उल्लेख छ । पालिकाले स्वीकृत दरबन्दी बाहिरको पदमा निम्न ३ जना नियुक्त गरी रु. ८,७१,०००।०० पारिश्रमिक भुक्तानी गरेको पाइयो । स्वीकृत दरवन्दी भन्दा बाहेकका कर्मचारी नियुक्त गरी तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

कर्मचारीको पद नाम	**तलब स्केल रकम**	**भुक्तानी भएको तलब रकम**
न्यायिक सल्लाहकार श्री निराजन खड्का	२५०००	३२५०००
सामाजिक परिचालक बुद्धि सिंह साउद	२१०००	२७३०००
सामाजिक परिचालक पहराम साउद	२१०००	२७३०००
जम्मा		**८७१०००**

अनियमित भएको	८,७१,०००

३६ **पदाधिकारीको दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ भ्रमण खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने उल्लेख छ । पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्ता बापत यस बर्ष रु. ५०००००।— खर्च भएको देखिन्छ । कन्टिन्जेन्सी तथा अन्य सशर्त अनुदानको कार्यक्रम तर्फबाट समेत खर्च भुक्तानी भएकोले पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्तामा थप खर्च भएको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमणको प्रयोजन र उद्देश्य उल्लेख नगरेको, भ्रमण प्रतिवेदन र भ्रमण काजमा गएको पुष्टी हुने थप प्रमाण कागजात, फोटो पेश नगरी भुक्तानी दिएको देखिन्छ । यस आधारमा पदाधिकारी तथा सदस्यहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गएको हो भन्ने पुष्टयाई हुने पार्याप्त आधार देखिएको छैन ।यस बर्ष पालिकाको जम्मा आन्तरिक आय रु४८४७९३०.५४ को तुलनामा १०.३१ प्रतिशत दैनिक भ्रमण भत्तामा खर्च भएको देखिन्छ । उद्देश्य र प्रयोजन सहित कार्यालयको कामको सिलसिलामा हुने भ्रमणको मात्र पदाधिकारी तथा सदस्यलाई मात्र दैनिक भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ ।

क. उच्च मूल्यको हवाइ टिकटः सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ मा सार्वजनिक श्रोत परिचालनमा थप दबाब सिर्जना नहुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ।त्यसै गरी भ्रमण खर्च नियमावलीमा सार्वजनिक पद धारण गर्ने व्यक्तिले मितव्ययिताको पक्षलाई समेत ध्यानमा राखेर सस्तो दरको हवाई टिकट लिई भ्रमण गर्नुपर्ने समेत उल्लेख छ ।पालिका अध्यक्ष भिम बहादुर साउद को श्री एअरलाइन्सबाट विभिन्न मितिको धनगढी देखि काठमाडौं तथा काठमाडौं देखि धनगढीको भ्रमणमा रु ९००० सम्ममा उपलब्ध न्यूनतम मूल्यको हवाइ टिकट खरिद नगरी पटक पटक उच्च मूल्यको हवाइ टिकट रु १७०८५ खरिद वापतको भ्रमण खर्च पालिकाले भुक्तानी गरेको छ ।सरकारी खर्चमा भ्रमण गर्दा सम्भव भएसम्म न्यूनतम मूल्यको हवाइ टिकट प्रयोग गरी सरकारी श्रोतको मितव्ययितापूर्वक सदुपयोग गर्ने कुरामा पालिका प्रशासन सचेत हुनुपर्दछ ।

३७ **नर्म्स विपरित खर्च**

भौचर नं १५५।२०८१।३।१० अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०८१ को अनुसूची- ११ मा तालिम केन्द्र वाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिम अन्तर्गत गाउँपालिका स्तरमा सञ्चालन हुने अन्य तालिममा श्रोत व्यक्तिलाई कार्यपत्रवापत रु. ७००। तथा कक्षा सञ्चालन वापत रु.६००। दिने उल्लेख छ । तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने उल्लेख छ । पालिकाले २०८२।२।२५ देखि २०८२।२।२७ सम्म सञ्चालन गरेको ३ दिने सामुदायिक संस्था व्यवस्थापन तथा नेतृत्व विकास तालिमका श्रोत व्यक्ति पालिकाकै सामाजिक परिचालक श्री नन्द सिंह लोहारलाई कार्यपत्र वेगर ३ वटा कक्षा सञ्चालनको रु.२०००। का दरले रु ६०००। भुक्तानी गरेको छ । निज प्रशिक्षकलाई कार्यपत्र संलग्न गरी रु.२१००।०० मात्र भुक्तानी गर्न मिल्नेमा रु.६०००।०० भुक्तानी गरेकोले करकट्टी पछिको बढी भुक्तानी रु.३३१५।०० असुल हुनुपर्दछ । त्यसैगरी सोही भौचरबाट तालिममा ३४ जना मात्र प्रशिक्षार्थी उपस्थिति देखिएकोमा ४० जनालाई सहभागि भत्ता भुक्तानी गरेकोले करकट्टी पछिको बढी सहभागी भत्ता रु.३५७०।०० असुल गर्नुपर्दछ । तसर्थ पेस्की लिई कार्यक्रम सञ्चालन गर्ने नन्द सिंह लोहारबाट बढी प्रशिक्षक भत्ता रु.३३१५।००,बढी सहभागिता भत्ता रु.३५७०।०० र कार्यपत्र वा दाखिला प्रमाण रु.१७८५।०० समेत रु.८६७० को दाखिला तथा प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८,६७०

३८ **पोशाक खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-२३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्थायी कर्मचारीको रु.२,८५,९०,७४८ र पालिका तर्फका स्थायी कर्मचारीको रु.१,१७,७५,१६५।- समेत रु.४,०३,६५,९१३ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४० **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था अनुसार कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने दलित छात्र, छात्रा तथा गैहदलित छात्रालाई वार्षिक रु.४००।- का दरले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले भौ.नं. १६५ मिति २०८२।३।१२ बाट विभिन्न ३८ विद्यालयका विद्यार्थिहरुलाई रु.१०,१९,६००।– छात्रवृत्ति उपलब्ध गराएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

४०.१ इमिस प्रतिवेदन: नमूना छनोटका आधारमा देहाय बमोजिमका विद्यालयलाई छात्रवृत्तिको लागि निकासा गरेको रकम परीक्षण गर्दा इमिस प्रतिवेदन २०८१ संलग्न नगरी विद्यालयको माग फारामका आधारमा भुक्तानी गरेको देखियो । इमिस प्रतिवेदन पेश नहुँदा विद्यालयले पेश गरेको माग फाराम सहि र यथार्थपरक भए नभएको एकिन गर्न नसकिएकोले देहाय बमोजिमका विद्यालयका अतिरिक्त वाँकी सबै विद्यालयका सम्बन्धमा समेत पालिकाले एकिन गरी बढी निकासा भएको भए असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

क्र.स.	विद्यालयको नाम	विद्यार्थी संख्या	भुक्तानी दर	भुक्तानी रकम
१	सिउँडी माध्यामिक विद्यालय सिउँडी	८६	४००	३४४००
२	दशपल्लेपानी माध्यामिक विद्यालय	४१४	४००	१६५६००
३	गगुडा माध्यामिक विद्यालय गगुडा	१४६	४००	५८४००
४	दयापिपलतोला माध्यामिक विद्यालय	१८६	४००	७४४००
५	शिरोमणी लेखनाथ माध्यामिक विद्यालय	१५८	४००	६३२००
६	शिशुकल्याण आ.वि सोकट	७३	४००	२९२००

४०.२ नमूना छनोटका आधारमा परीक्षण गरिएका ६ विद्यालय मध्ये देहाय बमोजिमका ३ विद्यालयलाई विद्यालयले पेश गरेको माग फाराम भन्दा बढी संख्यामा छात्रवृत्ति उपलब्ध गराएको देखियो। तसर्थ, यस सम्बन्धमा पालिकाले सबै विद्यालयलाई निकासा गरेको रकम सम्बन्धमा थप एकिन गरी बढी निकासा भएको भए असुल गर्नुपर्दछ। साथै देहाय बमोजिमका विद्यालयलाई बढी निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

विद्यालयको नाम	छात्रवृत्ति पाउने संख्या(कक्षा १-५ सम्म)	निकासा गरेको संख्या	बढी निकासा संख्या	बढी निकासा रू.
दशपल्लेपानी माध्यामिक विद्यालय	१५५	४१४	२५९	१०३६००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-२३** को निर्णयले रू **३६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,०३,६००

४१ **शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकीएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेश भित्रका जिल्लाका पुल दरबन्दीबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष दरबन्दी मिलानका उल्लेखित प्रक्रिया पालना नगरी संघीय सरकारबाट प्राप्त दरबन्दी बराबरको शिक्षक पदपुर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलबभत्ता उपलब्ध गराउने गरी ३५ विद्यालयमा ४५ जना पालिका अनुदान शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट चाडपर्व खर्च समेत रु १०७५१४४१। खर्च गरेको छ ।पालिकाको आन्तरिक आय रु ४८४७९३०।५४ मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन । पालिकाले वास्तविक शिक्षकको आवश्यक्ता पहिचान तथा दरबन्दी मिलान गरी शिक्षक तलब भत्तामा हुने खर्च नियन्त्रण गर्नुपर्दछ ।

४२ **सक्कल विजक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्याविधि सम्बन्धी व्यवस्था छ जस अनुसार सक्कल विल भर्पाइ संलग्न राखेर मात्र खर्च लेख्नुपर्नेमा निम्न गोश्वारा भौचरहरुबाट फोटोकपी बिलका आधारमा भुक्तानी भएकोले दोहोरो भुक्तानी हुन सक्ने हुँदा दोहोरो खर्च नभएको आश्वस्त पार्ने अन्यथा असुल हुनुपर्ने रु....

गो भौ नं मिति	खर्च भएको शीर्षक	भुक्तानी भएको फर्म	भुक्तानी रकम
७२३।२०८२।०३।१६	सूचना प्रकाशन खर्च	भेटघाट मिडिया	४७४६०
३९६।२०८१।१२।१७	सवारी साधन मर्मत खर्च	सिंहदेवी अटो सेन्टर	३३०४१२
जम्मा			**३७७८७२**

प्रमाण पेश नगरेको	३,७७,८७२

४३ **बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । वडा नं. ६ का वडा सचिव देव बहादुर साउदले गो.भौ.नं. ७८६।२०८२।०३।१७ बाट बैठक भत्ता वापत रु.१००००।०० भुक्तानी लिएकोमा ४ वटा बैठकको मात्र माइन्युट संलग्न भएकोले बाँकी ६ दिनको रु.१०००।०० का दरले कर कट्टी बाहेकको रकम रु.५१००।०० को माइन्यूटको निर्णय पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,१००

४४ **सहकारी संस्थालाई अनुदान**

पालिकाले बजेट विनियोजन गर्दा स्थानीय श्रम र सीपमा आधारित रोजगारमुखी र आय आर्जन हुने प्रकृतिको कार्यक्रमहरुमा स्रोत परिचालन गर्नुपर्नेमा नाफामूलक संस्थाको रुपमा सञ्चालित स्थानीय सहकारी सान्नीकोट बचत तथा ऋण सहकारी संस्थालाई छनौटको आधार र मापदण्ड बेगर रु १००००० नगद अनुदान भुक्तानी गरेको छ ।यसरी नाफामूलक संस्थालाई अनुदान वापत गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,००,०००

४५ **सवारी साधन भाडा**

सवारी साधन भाडामा लिदा सार्वजिनक खरिद नियमावली २०६४ को नियम १३ बमोजिम भाडामा लिइने सवारी साधनको स्पेशिफिकेशन, अवस्था र आयु प्रचलित बजार दर, भाडामा लिने अवधी, ईन्धनको मुल्य र खपत जस्ता कुराहरुलाई विचार गरी कार्यालय प्रमुख र दक्ष प्राविधिकको समिति गठन गरी सवारी साधन भाडाको लागत अनुमान तयार तथा स्वीकृत गरी खरिद ऐन नियमावली अनुसार प्रतिस्पर्धाबाट लिनुपर्नेमा कार्यालयले गाडी भाडामा लिई सोझै सम्झौता गरी भुक्तानी दिएको छ।पालिकाले पटके रुपमा सवारी चालक महेश कुँवरसँग दैनिक रु.१३२००।०० का दरले १० दिन गाडी प्रयोग गर्ने सम्झौता गरी अछाम देखि काठमाडौं र अछाम देखि धनगढी सम्मको विभिन्न मितिमा ३० दिन प्रयोग गर्ने सम्झौताका आधारमा रु.३९६०००।०० भुक्तानी गरेको छ । गाडी प्रयोग गरेको लगबुक, कार्यादेश र प्रतिवेदन पेश नगरेको कारण गाडी कुन काममा कसले प्रयोग गरेको भनी खुल्दैन । यसरी पटके रुपमा प्रयोजन नखुलाइ प्रतिस्पर्धा वेगर खरिद गरेको हुँदा उक्त भाडा लिनु परेको पर्याप्त आधार र प्रमाण संलग्न गरी नियमित हुनुपर्ने रु.

अनियमित भएको	३,९६,०००

४६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम (१क) मा २५ लाखसम्मको औषधि सिधैं खरिद गर्न सकिने सोहि नियमको उपनियम (३ख) मा सिधैं खरिद गर्दा त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट दिनुपर्ने उल्लेख छ । साथै पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण

खुलाउनुपर्दछ । पालिकाले औषधि सिधैं खरिद गरेकोमा उपनियम (३ख) मा उल्लेखित शर्त बमोजिम छुट दिएको एवम मूल्य सूची प्रकाशन गरेको प्रमाण पेश नभएको एवम प्याकेज बनाई प्रतिस्पर्धा बिना खरिद गरेको देखिएकोले यसमा नियन्त्रण हुनुपर्दछ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने खरिद समिति वा विज्ञबाट तोकिएको स्पेशिफिकेसन अनुसार भए नभएको मुचुल्का खडा गरी दाखिला गरेको छैन ।त्यसै गरी पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

गो भौ नं मिति	**विवरण**	**आपूर्तक**	**भुक्तानी रकम**
१०४।२०८२।१।१६	क्याल्सियम तथा आइरन ट्याब्लेट खरिद	स्काइ मेडिको सप्लायर्स	२३२०००
११२।२०८२।०२।०१	क्याल्सियम तथा आइरन ट्याब्लेट खरिद	प्रशान्त सर्जिकल हाउस	३९००००
२१८।२०८२।३।१९	विभिन्न १३ प्रकारका औषधी	बुढीगङ्गा फार्मेसी	९९५५०
२४३।२०८२।३।२४	विभिन्न औषधी	प्रशान्त सर्जिकल हाउस	३८०३५८
१५।२०८१।०६।१८	विभिन्न औषधी	योमन मेडिसिेल्स	५९८२४४
१६।२०८१।०६।१८	विभिन्न औषधी	के एम फार्मेसी	५२६०००
३६४।२०८२।१२।१२	विभिन्न औषधी	मेडिगोल्ड इन्टरनेशनल	१४९८८३८
४४१।२०८१।१२।१८	विभिन्न ५६ प्रकारका औषधी	के ए म फार्मेसी प्रा लि	९९९५६९
५२२।२०८२।०२।०१	विभिन्न ३१ प्रकारका औषधी	आर आर मेडिटेक प्रा लि	४९९५३७
जम्मा			**५२२४०९६**

४७ अनुपस्थित पदाधिकारीलाई मासिक सुविधा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ४ का वडा सदस्य दिपेन्द्र बोहोरा कार्यालयमा बैशाख देखि अनुपस्थित तथा सम्पर्कविहिन रहेकोमा निजको मासिक सुविधा रु १०६१० का दरले बैशाख देखि असार सम्मको सुविधा रकम रु ३१८३० भुक्तानी भएको छ । यसरी सम्पर्कविहिन पदाधिकारीलाई भुक्तानी भएको मासिक सुविधा सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३१,८३०

४८ विद्यालयलाई खेलकुद अनुदान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम सञ्चालनका लागि निम्न 2 विद्यालयहरुलाई निकासा गरेको रकमको खर्चको बिल भरपाई पेश नभएको रू.

1	बैजनाथ मा.वि.	२४०००
2	दयापिपलतोला मा.वि.	२४०००
जम्मा		**48000**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-२३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	४८,०००

४९ **मर्मत खर्च**

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी निर्देशिका, २०७७ बमोजिम कार्यालयले यथासक्य मितव्ययी तथा प्रभावकारी खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। कार्यलयको प्रयोगमा रहेको एक्साभेटर जेसिबी सहित सरकारी नम्बरको सवारी साधनको वार्षिक मर्मत सम्भार शीर्षकमा रु ५५८७६३३। खर्च गरेको देखियो ।सार्वजनिक निर्माणको लागि प्रयोग हुने पालिकाका मेशिनरी तथा उपकरणहरुको ईन्धन तथा मर्मत खर्च भुक्तानी गर्दा ईन्धन तथा मर्मत खर्चको आधार उल्लेख गर्नुपर्ने,भाडमा लगाउने सम्बन्धमा मापदण्ड बनाई लगाउनुपर्ने एवम उक्त अबधीको लगबुक तयार गर्नुपर्ने तथा भाडामा लगाएको बाहेक संचालन भएकोमा उक्त साधनबाट भएको कामको लागत अनुमान,नापी किताब तथा कार्यसम्पन्न प्रतिबेदन समेत तयार गरी समाबेश गर्नुपर्दछ ।

५० **शैक्षिक अनुदान**

गाउँ सभाले निर्णय गरेर विभिन्न विद्यालयलाई खर्चको बिल भरपाइ पेश भएका आधारमा अनुदान रकम दिने व्यवस्था गरेको छ ।विद्यालय शैक्षिक अनुदान वापत पालिकाले यस वर्ष रु ४०४०००० खर्च गरेको छ । यस सम्बन्धमा अन्य व्यहोरा निम्न बमोजिम रहेका छन् ।

५०.१ देहायको विद्यालयलाई पालिकाबाट व्यवस्थापन अनुदान भुक्तानी गरेकोमा खर्चको बिल भरपाइ लगायतका प्रमाणहरु पेश भएको छैन । अतः विद्यालयले गरेको खर्चको प्रमाण पेश गर्नुपर्ने रु

सि नं	विद्यालयको नाम	अनुदान रकम
१	लक्ष्मी आ वि मार्कु	४०००००
२	शान्ति मा वि	१०००००
३	गगुडा मा वि	२०००००
जम्मा		**७०००००**

प्रमाण पेश नगरेको	७,००,०००

५०.२ दशपल्ले पानी मा.वि.लाई रु.४०००००।०० शैक्षिक अनुदान दिएको मध्ये शिक्षक कमल बहादुर साउदलाई मासिक रु.२००००।०० का दरले चाडपर्व खर्च समेत रु.२६००००।०० बुझाएको भरपाइका साथै खानेपानी पाइप मर्मत वापतको रु.१०५०००।०० को डोर हाजिरी समेत रु.३६५०००।०० को प्रमाण पेश भएको छ ।अनुदान रकम मध्ये रु.३५०००।०० को बिल भरपाइ पेश नभएकोले आवश्यक प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३५,०००

५१ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

५२ **दोहोरो सञ्चार खर्चः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१३** को निर्णयले रू **४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **डाइरेक्टरी दाखिला सम्बन्धमा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गौ.भौ.न. २८२।२०८१/११/१७ कामाख्या प्रतिष्ठान नेपाललाइ हाम्रो स्थानीय तह २०७४ र हाम्रो जनप्रतिनिधि २०७४ नामक डाइरेक्टरी पालिकामा उपलब्ध गराए बापत रु ६८९५० भुक्तानी भएकोमा उक्त डाइरेक्टरी दाखिला नगरेकोले पाम्स दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६८,९५०

५४ **कोटेशन बेगर खरिद**

सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ८५ (४) मा एक लाख भन्दा वढिको समान खरिद गर्दा मौजुदा सुचिमा रहेका ३ वटा आपुर्तिकर्तासँग प्रतिस्पर्धा गराइ खरिद गर्नुपर्नेमा गो भौ नं ३८।२०८१/०६/१८ बाट वांसिमाता ट्रेर्डसलालइ सवारी मर्मत वापतको रु १३७००० भुक्तानी भएकोमा कोटेशन माग नगरी प्रतिस्पर्धा बेगर गरिएको खरिद कार्य र तोक बिना भएको भुक्तानी अनियमित भएको रु.

अनियमित भएको	१,३७,०००

५५ **विद्यालयलाई शैक्षिक अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गौ भौ न ४५२ मिति २०८१/१२/१८ शिरोमनि लेखनाथ माविलाइ शैक्षिक अनुदान वापत रु ४००००० भुक्तानी भएकोमा शिक्षक देवेन्द्र ढकाल र नविन साउदलाइ क्रमश २००००, १३००० मासिकका दरले तलबी भरपाइ बनाएको र यसमा उक्त

शिक्षकद्वयको नियुक्ति मिति नखुलेकोले खर्च भए नभएको एकिन हुन सकेन। तसर्थ उक्त विद्यालयले उक्त अनुदानबाट खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,००,०००

५६ **आयको क्षेत्र पहिचान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

५७ **आय अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले नगदी रसिद छपाई वडाबाट राजस्व असुली गर्ने गरेको नगदी तथा पालिकाले प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनुपर्दछ ।

५८ **ढिलो दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना भएको देखिएन।पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

सि. न.	राजस्व संकलन केन्द्र	यस वर्षको असुली (रु.)	पालिकामा दाखिला (रु.)	कैफियत
१	वडा नं.१ कार्यालय	१२६५००.००	१२६५००.००	२०८१ मशिंर माघ तथा २०८२ बैशाख, जेठ र असारमा गरी ८ पटक दाखिला
२	वडा नं.२ कार्यालय	१७०४००.००	१७०४००.००	२०८१ भाद्र, कार्तिक, पुष, चैत्र, तथा २०८२ बैसाख, जेठ र असारमा गरी १० पटक दाखिला
३	वडा न.३ कार्यालय	११३२००.००	११३२००.००	२०८१ भाद्र, मशिंर , माघ, फागुन तथा २०८२ बैसाख र असारमा गरी ८ पटक दाखिला
४	वडा नं.४ कार्यालय	१३४५००.००	१३२१५०.००	२०८१ आश्विन, पौष, चैत्र तथा २०८२ जेठ र असारमा गरी १३ पटक दाखिला
५	वडा नं.५ कार्यालय	१५४६००.००	१५४६००.००	२०८१ भाद्र, कार्तिक, मशिंर , पौष, माघ, तथा २०८२ जेठ र असारमा गरी १३ पटक दाखिला
६	वडा नं.६ कार्यालय	१५४४००.००	१५४४००.००	२०८१ माघ, चैत्र, तथा २०८२ जेठ र असारमा गरी ७ पटक दाखिला
७	वडा नं. ७ कार्यालय	१०१६५०.००	१०१६५०.००	२०८१ कार्तिक, पौष तथा २०८२ बैसाख, जेठ, असार र श्रावणमा गरी ६ पटक दाखिला

५९ **रसीद प्राप्त नभएको**

वडा कार्यालयहरुले पालिकाबाट बुझिलगेका नगदी रसीदहरु प्रयोग पश्चात असुल गरेको राजस्व सहित रसीद फिर्ता हुनु पर्दछ । वडा नंवर ३ कार्यालयका क्षितिज नेपालीले रसिद नं १४२०१ देखि १४२५० सम्मको रसीद प्याड-१ मिति २०८२।३।२४ मा बुझि लगेकोमा उक्त रसिद फिर्ता भएको देखिएन । यस सम्बन्धमा पालिकाले रसीद फिर्ता गराई उक्त रसीद प्रयोगबाट उठेको राजस्व आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ वमोजिम दाखिला गराउनु पर्दछ ।

६० **प्रविधि हस्तान्तरण**

भौचर नं १६७।२०८२।३।१२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(२) मा उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईने तथा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले गरिबी निवारका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका ६ जना उद्यमीहरुलाई रु.२,७१,२०० का बिभिन्न ३ साइजका डाई सहित २ थान दुना टपरी बनाउने मेशिन खरिद गरी तालिम पश्चात निशुल्क रुपमा हस्तान्तरण गरेको पाईयो । निर्देशिका अनुसार खरिद मूल्यको २० प्रतिशतले हुने रु.५४,२४०।- सम्बन्धित उद्यमीबाट असुल गर्नुपर्ने रु

क्र स	मेशिन बुझ्ने उद्यमीको नाम	रकम
१	कल्पना रावल	९०४०
२	कल्पना खड्का	९०४०
३	राजकला खड्का	९०४०
४	मोतीकला भुल	९०४०
५	पशुपति खड्का	९०४०
६	मिठुदेवी खड्का	९०४०
	जम्मा	५४२४०

असुल गर्नुपर्ने	५४,२४०

६१ **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले हालसम्म उक्त कार्ययोजना बनाएको देखिएन । स्थानीय तहको राजस्व सुधारका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

६२ **जेसिभि तथा एक्जाभेटर भाडा**

चौरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ८ अनुसार गाउँपालिकाको मेशिन भाडामा लगाउँदा अनुसूची- ५ मा तोकिएबमोजिम भाडा असुल गर्नुपर्ने व्यवस्था छ । उक्त ब्यबस्था अनुसार जे सि बि को भाडा दर ईन्धन सहित प्रति घण्टा रु ३५००।०० र ईन्धन बाहेक रु १५००।०० तथा एक्साभेटरको भाडा ईन्धन सहित रु ७५००।०० र ईन्धन बाहेक रु २५००।०० तोकेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष देहाय बमोजिमका व्यक्ति तथा संस्थाको निजी कामका लागि पालिकाको मेशिन भाडामा लगाई कार्य गराएकोमा लेखापरीक्षण अवधि सम्म पनि असुल नभएकोले नियमानुसार जरिवाना सहित गणना गरी असुल हुनुपर्ने रु.

क्र.स.	मेशिन भाडामा लिने ब्यक्ति	मेशिनको प्रकार	काम गरेको समय (घण्टा)	भुक्तानी दर	जम्मा बाँकी रकम
१	धुर्व थापा, चौरपाटी १	जेशिवी	६	३५००	२१०००
२	केशव थापा, चौरपाटी १	जेशिवी	११.७	३५००	४०९५०
३	शंकर साउद, चौरपाटी १	जेशिवी	२५	३५००	८७५००
४	जनक विक	जेशिवी	२९.१	३५००	१०१८५०
५	भरत बहादुर खडका	जेशिवी	११.३	१५००	१६९५०
६	नरेन्द्र साउद	जेशिवी	२२.१	३५००	७७३५०
७	टेक पार्की	जेशिवी	१५७.५	१५००	२३६२५०
८	चेतमान बोगटी	जेशिवी	३.२	३५००	११२००
९	धन बोगटी	जेशिवी	७.७	३५००	२६९५०
१०	झंकर बहादुर वि.क	जेशिवी	१५.१	१५००	२२६५०
११	राम बहादुर थापा	जेशिवी	४	३५००	१४०००
१२	अशोक ठेकेदार, बाजुरा	जेशिवी	६.१	१५००	९१५०
१३	सुरत कुँवर, साफे	जेशिवी	९.१	१५००	१३६५०
१४	खगेन्द्र शाही दैलेख	जेशिवी	७५.४	१५००	११३१००
१५	कमल साउद	जेशिवी	२.१	३५००	७३५०
१६	विन्दु साउद	जेशिवी	४.४	३५००	१५४००
1७	नरेन्द्र साउँद मेललेख गा पा	स्काइभेटर	५२.१	७५००	३९०७५०
1८	भीम साउँद चौरपाटी १	स्काइभेटर	९.४	७५००	७०५००
१९	भरत स्वार सा न पा	स्काइभेटर	२४.२	७५००	१८१५००
2०	टेक पार्की चौरपाटी	स्काइभेटर	३.१	७५००	२३२५०
2१	अशोक कुँवर	स्काइभेटर	२९.९	२५००	७४७५०
2२	केशब थापा चौरपाटी	स्काइभेटर	१.१	७५००	८२५०
2३	लाली गुराँश कन्ट्रक्सन खकिन्द्र शाही	स्काइभेटर	११२.७६	२५००	२८१९००
जम्मा					१८४६२००

असुल गर्नुपर्ने	१८,४६,२००

६३ **एम्बुलेन्स सेवा**

पालिकाले एम्बुलेन्स सेवा सञ्चालन गर्दा कार्यविधि बनाएर सञ्चालन गर्नुपर्दछ । पालिकामा से-१-झ २६२ नंम्वरको एम्बुलेन्स सञ्चालनमा रहेकोमा सो एम्बुलेन्स सञ्चालन सम्बन्धमा कुनै कार्यविधि बनाएको छैन । पालिकाले उक्त एम्बुलेन्स सञ्चालनबाट के कति आम्दानी तथा खर्च गरेको छ सो सम्बन्धमा कुनै श्रेस्ता कागजात अभिलेख व्यवस्थित गरेको छैन । त्यसैगरी उक्त एम्बुलेन्स सञ्चालन गर्दा प्रयोग गरिने लगबुक समेत पेश भएन । यस सम्बन्धमा एम्बुलेन्स चालकलाई सोधपुछ गर्दा गर्भवती/सुत्केरीलाई छुट दिने गरेको साथै अन्य कतिपय विरामीलाई समेत पदाधिकारी तथा कर्मचारीको मौखिक आदेशमा निशुल्क सेवा दिने गरेको तथा केही अन्य विरामीवाट

उठाइएको रकम एम्बुलेन्समा तेल हाल्न एवं सानातिना मर्मतमा खर्च गर्ने गरेको भनाई रहेको छ । यस वर्ष चालकलाई रसिद नं. ३०१ देखि ४०० तथा ५०१-६०० सम्मको रसिद प्याड समेत उपलब्ध गराएकोमा उक्त रसिदबाट के कति आम्दानी गरेको छ सो सम्बन्धमा समेत रसीद फिर्ता गरी आम्दानी खर्चको अभिलेख पालिकाले राखेको छैन । तसर्थ पालिकाले एम्बुलेन्स सञ्चालन सम्बन्धमा स्पष्ट कार्यविधि बनाएर सञ्चालन गरी आम्दानी खर्चको पारदर्शि ढंगले अभिलेख राख्नु पर्ने तथा यस वर्ष सेवा सञ्चालनबाट भएको आम्दानी खर्चको एकिन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

६४ **आन्तरिक आय सङ्कलन ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर, सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन । नियममा भएको ब्यबस्था बमोजिम आन्तरकि आय बृद्धि गर्न आवाश्यक पहल गर्नुपर्दछ ।

६५ **स्थानीय सामाग्री उत्खनन् र विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला (बुढी गंगा, सेती नदी,गण्डीगाड लगायत), खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति रहेको देखिन्छ । यसवर्ष पालिकालाई त्यस्ता सामग्रीको विक्रिबाट रु.२९,२८०।मात्र प्राप्त भएको देखियो। अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६६ **ट्याक्टर भाडा**

पालिकाको नाममा सु.प.प्र ०१००१ द ५१ नम्बरको एक ट्याक्टर रहेको छ । उक्त ट्याक्टर पालिकाको आफ्नै कामका अतिरिक्त विभिन्न व्यक्ति तथा संस्थाको काममा समेत भाडामा प्रयोग हुने गरेको देखियो । आ.व. २०८१।८२ का लागि के कति दरमा भाडामा लगाउने भन्ने कानूनी व्यवस्था तथा कुनै निर्णय पेश भएन । साथै ट्याक्टरको लगवुक समेत प्रमाणित गरी अभिलेख राखेको छैन। पालिकाबाट प्राप्त विवरण अनुसार यस आ.व. मा देहाय बमोजिमका व्यक्तिले पालिकाको ट्याक्टर प्रयोग गरे वापत रू.४२०००।०० बुझाउन बाँकी देखियो। पालिकाले यस प्रकारका आफ्ना मेशिनरी उपकरणहरु भाडामा लगाउँदा स्पष्ट कानून, कार्यविधि, मापदण्ड बनाई दररेट तोकी भाडा असुल गर्ने व्यवस्था हुनुपर्दछ । प्राप्त विवरणबाट उठ्न बाँकी देखिएको भाडा रकम नियमानुसार असुल गर्नुपर्ने रू.

क्र.सं.	**भाडामा लिने व्यक्ति**	**प्रयोग भएको स्थान/दुरी**	**प्राप्त हुनुपर्ने रकम**
१	भरत खड्का	पायल- लुङ्ग्रा	६०००
२	केशव थापा	साँफे- सोकट	२४०००
३	रुद्र वोगटी	साँफे- फुलौट	१२०००
जम्मा रु			**४२०००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४२,०००

६७ **राजस्व बाँडफाँट**

सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ (४) मा उपदफा ३ बमोजिम गाउँपालिकाले स्थानीय विभाज्य कोषमा जम्मा गरेको रकम बाँडफाँट गरी ६० प्रतिशत सम्बन्धित स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको विभाज्य कोष खातामा आर्थिक बर्षको अन्त्यमा ढुङ्गा,गिट्टी,वालुवा वापत संकलन गरेको रु.२९२८०।०० मौज्दात रहेकोले आर्थिक ऐनमा भएको व्यवस्था अनुसार ६० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा तथा ४० प्रतिशतले हुने रु.११७१२।०० प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,७१२

६८ **बालुवा विक्री**

सुदुरपश्चिम प्रदेश आर्थिक ऐन,२०८१ को दफा ८ (१) अनुसार आर्थिक वर्ष २०८१।८२ मा ढुंगा, गिट्टी, बालुवा उत्खनन र संकलनमा हिमाल र पहाडी जिल्लाका लागि प्रति घन फिट रु.४ का दरले शुल्क लगाइने र असुल गरिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाभित्र रहेका खोला तथा नदिहरुमा नदिजन्य वस्तुको उत्खनन् संकलन तथा विक्रीका लागि कुनै ठेक्का लगाएको छैन । पालिकाले वडा नम्वर ४ वुढी गंगा क्षेत्रबाट बालुवा संकलन तथा विक्रीका लागि नगदी रसीदको प्रयोग गरी अमानतमा शुल्क उठाएको देखियो । यसरी शुल्क असुल गर्दा पालिकाले प्रति ट्याक्टर रु.४०० का दरले संकलन गरेको देखिन्छ । साथै उक्त ट्याक्टरमा कति घनफिट बालुवा लोड हुने हो सोको पुस्ट्याई गरी प्रमाणित गरेको समेत नदेखिएकोले प्रदेश आर्थिक ऐनले तोकेको दर अनुसार रकम संकलन भए नभएको यकिन हुन सकेन । तर यस वर्ष उक्त दरमा रकम संकलन गर्ने सम्बन्धमा पालिकाले कुनै निर्णय गरेको समेत देखिएन । आ.ब.२०८०।८१ मा ढुङ्गा, गिट्टी, बालुवाको रोयल्टी कर उठानका लागि ३ पटक सार्वजनिक सूचना गर्दा समेत कसैले ठेक्का नहालेको हुँदा उक्त ढुंगा, गिट्टी, बालुवाको रोयल्टी कर उठाउन वडा नं २ र ४ मार्फत राजस्व ठेली प्रदान गरी कर उठाउने व्यक्तिलाई ४० प्रतिशत र गाउँपालिकालाई ६० प्रतिशत रकम बुझाउने गरी प्राकृतिक श्रोतको रोयल्टी कर उठाउने भनि २०८० फागुन ३ मा कार्यपालिकाले गरेको निर्णयलाई आधारमानी यस वर्ष थप निर्णय नगरी वडा नंम्बर ४ मार्फत यस वर्ष नगदी रसीदको प्रयोगबाट बाह्य व्यक्ति प्रयोग गरी रु.४८,८००।०० संकलन गरेकोमा सो को ६० प्रतिशतले हुने रु.२९२८०।०० मात्र पालिकामा दाखिला गरेको देखियो । पालिकाले यस किसिमका प्राकृतिक श्रोतको उत्खनन तथा विक्री गर्दा ऐनमा भएको व्यवस्था वमोजिम वातावरणीय प्रभाव मूल्यांकनका आधारमा तोकिएको परिमाण र दर अनुसार कर तथा शुल्क असुल गर्नुपर्ने देखिन्छ ।

६९ **रसिद नियन्त्रण खाता**

पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता (म.ले.प.फ.न ९०४) तयार गरी `रसिदको व्यवस्थित अभिलेख राख्नु पर्दछ । पालिकाले विभिन्न वडा कार्यालय तथा शाखाहरुलाई नगदी रसिद वितरण गर्दा रसिद नियन्त्रण खातामा जनाई दिने गरेको भएतापनि गतवर्षबाट जिम्मेवारी सरी आएका र यस वर्ष छपाई गरिएका के कति रसिद थिए सो खुल्नेगरी रसिद नियन्त्रण खाता राखेको छैन । यसरी पालिकासँग विगतको वाँकी नगदी रसिद तथा यस वर्ष छपाई भएका रसिदको एकिन अभिलेख नहुँदा यस वर्ष विभिन्न वडा तथा पालिकाको विभिन्न शाखालाई उपलव्ध गराएको रसिद मात्र प्रयोग भएको हो भनि सुनिश्चित हुन सकिएन। यसवर्ष वडा नंबर ४ कार्यालयलाई उपलब्ध गराएका रसिद मध्य एकै नंबरका (रसिद नंबर ११४०१-११४५०) दुई ठेली प्रयोग भएको समेत देखियो ।यसरी एकै आर्थिक वर्षमा एउटै नंबरका रसिदको प्रयोग हुँदा आम्दानी रसिदको सहि र व्यबस्थित प्रयोग भएको एवं सङ्कलित सबै रकम दाखिला भएको छ भनि सुनिश्चित हुन समेत सकिएन । तसर्थ पालिकाले कानून बमोजिम रसिद नियन्त्रण खाताको अभिलेख व्यबस्थित गरी वडा कार्यालयहरू तथा पालिकाका विभिन्न शाखाहरुबाट उठेको राजस्व सही र यथर्थ भएको सुनिश्चत गरी राजस्व आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ ।

७० **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित

पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका ३८ वटा सामुदायिक वन रहेकोमा आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको व्यवस्थित अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

७१ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ । उक्त ऐनको अनुसुचि–३ मा मदिरा डिलर, मदिरा खुद्रा, हार्डवयर पसल, कृषि तथा पशुपन्छी फर्म, साना तथा ठुला उद्योग दर्ता सिफारिस, फर्निचर उद्योग, लगायत विभिन्न ७२ प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ । यो वर्ष पालिकाले रु.२,१९,५००।०० मात्र व्यवसाय कर संकलन गरेको विवरण पेश भएको छ । पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरुबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्नुपर्दछ ।

७२ **चौरपाटी गा पा पूर्वाधार निर्माण**

यस पालिका भवनको कम्पाउण्डमा ग्याविन वाल,मेशिनरी वाल,कम्पाउण्ड टायल,नाला निर्माण,मूल गेट आदि निर्माण गर्न प्रदेश सरकार र गाउँपालिकाको ५० प्रतिशत लागत साझेदारी हुने गरी समपुरक योजना अन्तर्गत रु.२५४६०९२३।०० (मू.अकर समेत) को लागत अनुमान तयार गरी ठेक्का नं.डब्ल्यू।७।०८०।८१ को निर्माण काम गर्न निर्माण व्यवसायी कौशिक निर्माण सेवा मंगलसेनसँग मिति २०८२।९।१५ गतेसम्म सम्पन्न गर्ने गरी रु.१९१०३१३४।०० (लागत अनुमान भन्दा २४.९७ प्रतिशत घटीमा) मा मिति २०८१।२। १६ गते सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई पालिकाले प्रथम रनिङ्ग वापत प्रदेशको गो.भौ.नं.३२।२०८२।३।२३ बाट रु.२७४१२७७।०० र गा.पा.पूँजिगतको गो.भौ.नं.१७५।२०८२।३।२३ बाट रु.९५००००।०० गरि जम्मा रु.३६९१२७७।०० भुक्तानी दिएको देखियो । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन ।

७२.१ पेश्की जमानतको म्याद: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की दिदाँ पेश्की रकम खाम्नेगरि निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाइ भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । ठेक्का नं.डब्ल्यू।७।०८०।८१ भएको पालिका भवनको कम्पाउण्डमा ग्याविन वाल समेतको काम गर्ने कौशिक निर्माण सेवा मंगलसेनले कृषि बिकास बैंक मंगलसेनबाट जारी भएको पेश्की जमानत रु.३००००००।०० को मान्य अवधि मिति २०८१।८।१३ सम्म मात्र म्याद रहेको हुदाँ पेश्की जमानतको म्याद समाप्त भएको कारण देहाय अनुसार पेश्की रु.३८०००००।०० दिइ रु.५६००००।०० फछ्र्यौट भई रु.३२४०००० बाँकी देखिएकोमा पेश्की जमानत रु.३००००००।०० मात्र देखिएकोले नपुग जमानतको सम्बन्धमा पालिकाले थप जमानत राख्न लगाउनुपर्दछ । साथै पेश्की जमानत नपुग रु.२४००००।०० र रु.३००००००।०० को बैंक जमानतको म्याद समाप्त भई रु.३२४००००।०० पेश्की जोखिममा परेकोले प्रचलित कानून अनुसार पेश्की जमानतको म्याद थप हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

बिबरण	पेश्की दिएको रकम	पेश्की कट्टा भएको	पेश्की बाँकी	कैफियत
आ.ब.२०८०।८१ मा दिएको	१००००००	०	१००००००	
आ.ब.२०८१।८२ मा दिएको	२८०००००	०	२८०००००	गा.पा.पूँजिगतको गो.भौ.नं. २४।२०८१।८।७ बाट दिएको
१७५।०८२।३।२३	०	५६००००	३२४००००	
जम्मा		**५६००००**	**३२४००००**	

पेश्की	३२,४०,०००

७२.२ नापी भन्दा बढी भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) (ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । पालिका भवनको कम्पाउण्डमा ग्याविन

वाल,मेशिनरी वाल,कम्पाउण्ड टायल,नाला निर्माण,मूल गेट आदि निर्माण गर्न ठेक्का नं.डब्ल्यू।७।०८०।८१ बाट निर्माण व्यवसायी कौशिक निर्माण सेवा मंगलसेनको कामको प्रथम रनिङ्ग बिलको प्राबिधिक मूल्यांकन भएको रकम गो.भौ.नं.३२।२०८२।३।२३ बाट रु.२७४१२७७।०० र गा.पा.पूँजिगतको गो.भौ.नं.१७५।२०८२।३।२३ बाट रु.९५००००।०० गरी जम्मा रु.३६९१२७७।०० भुक्तानी दिएकोमा Supply,delivery and laying Geotextile as filter material को ८०० ब.मी.को दर रु.१३०।०० ले हुने रु.१०४०००।०० र Supply,delivery and laying Geotextile as filter material को २९ मीटरको दर ११०००।०० हुने रु.३१९०००।०० गरी मू.अ.कर समेत जम्मा रु.४७७९९०।०० नापी बिना भुक्तानी दिएको असुल हुनुपर्ने रु......

असुल गर्नुपर्ने	४,७७,९९०

७३ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ । पालिकाले बिभिन्न निर्माण काम गर्ने प्रयोजनको लागि देहाय अनुसार बिभिन्न परामर्शदाताहरुबाट बिस्तृत अध्ययन प्रतिबेदनको लागि काम गराइ भुक्तानी दिएको पाइयो ।

शिर्षक	योजनाको नाम	परामर्शदाताको नाम	गो.भौ.नं.र मिति	रकम	योजनाको प्रस्ताबित लागत	कैफियत
गा पा पूँजिगत	वडा नं. १,२,३ मा बिद्युत लाइन बिस्तार	परलानिभर्स ईन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा.लि.काठमाडौं	२।०८१। ४।२६	१२४५२५७	१६९०६१४०६	कार्यान्वयन भईरहेको
संघिय पूँजिगत	मार्कु स्वा.चौ.भवन	बाजु बिल्डर्स प्रा.लि.काठमाडौं	२६।०८२। ३।२३	४८३१७७	२१०७४२४६	कार्यान्वयन भईरहेको
गा पा पूँजिगत	लुङ्ग्रा बैजनाथ सडक बिस्तार	पश्चिम सेती ईन्जिनियरिङ्ग धनगढी	४।०८१। ४।२६	१३९३१७६		प्रतिबेदन पेश नभएको
गा पा पूँजिगत	वडा नं.४ र ५ सडक	बुढीगंगा ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी प्रा.लि.	२०२। ०८२।३। २५	१४५७३६१	५०१८७१७३१	
गा पा पूँजिगत	वडा नं. ४ सोलार लिफ्ट योजना	सरस्वती गंगा वहुउद्धेश्यिय क.प्रा.लि.	२०४। ०८२।३। २५	४७९६९९		
गा पा चालु	सिंचाई कुलो निर्माण वडा नं. २	बि.एस.ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	९४५। ०८२।३। २५	१९०४०५०		

माथिको बिस्तृत अध्ययन प्रतिबेदनको सम्बन्धमा देखिएका प्रमुख ब्यहोराहरु निम्नानुसार रहेका छन ।

७३.१ **लागत अनुमान**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्श खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको एवम लागत अनुमानमा सम्बन्धित प्राबिधिक तथा कार्यालय प्रमुखको दस्तखत भएको पाइएन । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन । खरिद कानुन बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्दछ । साथै परामर्शदाताले योजनाको प्रस्तावित लागत समावेश नगरी पेश गरेका प्रतिबेदन स्वीकार गरिनु हुँदैन ।

७३.२

प्रस्ताव मुल्याङ्कन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन तथा आर्थिक प्रस्ताब मूल्यांकन गरेको भएतापनि प्रस्ताबदाताहरुले पेश गरेका प्रस्ताबहरु सिलसिलेबद्ध किसिमले फाइल साथ संलग्न नगरेको,केही परामर्शदाताहरुसँग गरिएको सम्झौताको टी.ओ.आर.पेश नभएको,केहीको प्रस्तावहरु लेखापरीक्षणमा पेश नभएको आदी कारणबाट परामर्श कार्यको लागि छनौट भएका परामर्शदाताहरु तोकिएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदनहरु गुणस्तरिय एवम कार्यान्वयन योग्य छन भन्न सकिएन । अत परामर्शदाताहरुको प्रस्ताब मूल्यांकन सम्बन्धि फाइल अध्याबधिक तथा ब्यबस्थित गरिनु पर्दछ ।

७३.३ **जिन्सी दाखिला-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ९५ मा कार्यालय प्रमुखले कुनै माध्यमबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अध्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद भएका माथि उल्लेखित परामर्श खरिद वापतका प्रतिवेदन पालिकाको जिम्सी किताब/पाम्समा दाखिला गरेको पाइएन । अत उक्त प्रतिवेदन दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

७३.४ **परामर्शदाताको क्षतिपूर्ति:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यावसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । वडा नं. ७ मा मार्कु स्वास्थ्य चौकीको डि.पि.आर.तयार मिति २०८१।६।१५ गतेसम्म गर्ने गरी बाजु बिल्डर्स प्रा.लि.काठमाडौंसँग रु.४८४९७३।०० मा मिति २०८१।४।१५ गते सम्झौता गरे अनुसार गो.भौ.नं.२६।२०८२।३।२३ बाट रु.४८४९७३।०० भुक्तानी दिएको छ । उक्त डि.पि.आर.को सम्झौता साथ कार्यक्षेत्रगत शर्त संलग्न भएको, डि.पि.आर.प्रतिबेदन पेश भएको समेत नदेखिएको एवम बाजु बिल्डर्स प्रा.लि.काठमाडौंले बिजक नं.०१४ मिति २०८२।३।२० (पान नं.६०६५४२४४३) को मू.अ.कर बिजक सक्कल पेश नगरेको हुदाँ पालिकाले यस सँग सम्बन्धित प्रमाणहरु पेश गर्नुपर्दछ । साथै बाजु बिल्डर्स प्रा.लि.काठमाडौंले मिति २०८१।६।१५ गते प्रतिबेदन पेश गर्नुपर्नेमा प्रतिबेदन तयार भएको जनाई भुक्तानीको निबेदन मिति २०८२।३।१९ गते (निबेदन दर्ता मिति २०८२।३।२० र बिजक मिति २०८२।३।२०) दिएको आधारमा ९ महिना ढिलो काम गरेकोले सम्झौता रकम रु.४८४९७३।०० को १० प्रतिशतले हुने रु.४८४००।०० असुल गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु.........

असुल गर्नुपर्ने	४८,४००

७३.५ **लुङ्ग्रा पुडासैन सडक डि.पि.आर.:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को खर्च शिर्षकको वर्गिकरण र ब्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ।लुङ्ग्रा बैधनाथ पुडासैन सडकको डि.पि.आर गर्न पश्चिम सेती ईन्जिनियरिङ्ग धनगढीबाट गराई रु.१३९३१७६।०० भुक्तानी दिएकोमा लेखापरीक्षणमा आर्थिक प्रस्ताब पेश नभएको,बजेट बिनियोजन नभएको अवस्थामा दायित्व सिर्जना स्वीकृत नगरी भुक्तानी दिएको,परामर्शदाताले भुक्तानीको लागि सक्कल मू.अ.कर बिजक पेश नगरेको तथा डि.पि.आर.प्रतिबेदन जिन्सी अभिलेखमा आम्दानी जनाएको एवम प्रतिबेदन लेखापरीक्षणमा पेश नभएको कारण उक्त डि.पि.आर.को सम्बन्धमा यकिन साथ भन्न सकिएन ।साथै उक्त सडक प्रदेश पूर्वाधार कार्यालयबाट कार्यान्वयन भएको जानकारी समेत प्राप्त भएको हुदाँ यस सम्बन्धमा पालिकाले भए गरेको तथ्य तथा पुष्ट्याई सहित प्रमाण पेश हुनुपर्दछ ।

७३.६ **ओभरहेड भुक्तानी:** सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२ को उपनियम ३ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति एवम अन्य जनशक्तिको पारिश्रमिक,भ्रमण खर्च, जनशक्तिको बसोबास खर्च, कार्यालय खर्च, तालिम, गोष्ठी लगायतका परामर्शसँग सम्बन्धित खर्च समेत समाबेश गरी अनुसूची १ (क) बमोजिमको ढाँचामा लागत अनुमान तयार

गर्नुपर्ने उल्लेख भएको हुनाले परामर्श सेवा खरिदमा ओभरहेड समाबेश गरी लागत अनुमान तयार गरी भुक्तानी दिन मिल्ने देखिदैन । तर पालिकाको वडा नं.१ को सिउडी,वडा नं. २ को सोकट र वडा नं. ३ को गगुडामा बिद्युत बिस्तार गर्नको लागि परामर्शदाता परलानिभर्स ईन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा.लि.काठमाडौं सँग रु.१२४५२५७।०० मा मिति २०८१।२।१८ गते सम्झौता भएकोमा गो.भौ.नं.२। ०८१।४।२६ बाट रु.१२४५२५७।०० भुक्तानी गर्दा ओभरहेड वापत रु.४२५७२।०० समेत भुक्तानी गरेकोले परामर्शदातालाई भुक्तानी भएको ओभरहेड रकम रु.४२५७१।०० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४२,५७२

७४ **सोझैं खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले चालु बर्ष बिभिन्न निर्माण तथा खरिदको कामहरु देहाय बमोजिम सिधैं कोटेशनको माध्यमबाट गराएको देखिएको हुनाले ऐन नियममा ब्यबस्था भए अनुसार प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट गराई मितव्ययिता अपनाउनु पर्दछ । नमुना परीक्षण गर्दा देखिएका उदाहरण निम्नानुसार छन।

(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७५ **शिर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को खर्च शिर्षकको वर्गिकरण र ब्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ।पालिकाले विनियोजित वजेटबाट ऐन र निर्देशिका विपरीत एउटा शिर्षकको रकम अर्को शिर्षकमा खर्च गर्ने गरेको देखियो। विनियोजित बजेटबाट पालिकाले यो वर्ष निम्नानुसार शिर्षक फरक पारी पूँजिगत शिर्षकबाट चालु प्रकृतिका र डि.पि.आर.मा समेत खर्च गरेको देखिएकोले यस प्रकारको खर्चमा नियन्त्रण गरी सम्बन्धित शिर्षकमा बिनियोजन भएको बजेटको सिमा भित्र रही खर्च गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७६ **नमूना विद्यालय**

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को बुँदा नं.२.३.१७ को क्रियाकलाप नं. ११.१.२.२९८६ अनुसार नमुना विद्यालयको रूपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रूपमा ३० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ । बैजनाद्य नमूना माध्यमिक बिद्यालयको भौतिक संरचना ठेक्का नं. डब्ल्यू।१।०८१।८२ भएको काम गाउँपालिकाबाट ठेक्का ब्यबस्थापन गराई छनौट भएको डि.पि.कन्स्ट्रक्सन डोटीबाट गराउदा रु.५९८८३९९।०० मा मिति २०८२।३।३० गते सम्पन्न गर्ने गरी मिति २०८१।११।६ गते सम्झौता भएकोमा यस बर्ष प्रथम रनिङ्ग बिल वापत रु.३२१५३४५।०० भुक्तानीको लागि बिद्यालयलाई गो.भौ.नं.१२।०८२।३।६ बाट निकासा दिएको छ । निर्माण ब्यबसायीलाई बिद्यालयले भुक्तानी दिदाँ पेश्की दिएको भए पेश्की कट्टा गर्नुपर्ने र प्रचलित नियम अनुसार कर एवम धरौटी कट्टा गरी भुक्तानी दिनुपर्दछ । पालिकाले कार्यान्वियन पुस्तिका अनुसार निकासा दिन नमिल्ने भएतापनि निर्माण ब्यबसायीबाट उक्त निर्माण काम सम्झौतामा तोकिएको समयमा सम्पन्न नगरेकोले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार निकासा दिन नमिल्नेमा गो.भौ.नं.३६।०८२।३।२४ बाट रु.६६६८७०५।०० थप निकासा दिई कुल रु.९८८४०५०।०० निकासा दिएको छ । निर्माण ब्यबसायीसँग भएको सम्झौता बमोजिम सम्पन्न हुन बाँकी कामको रु.२७७३०५४।

०० समायोजन गरी बिद्यालयलाई बढी निकासा दिएको (खर्च नभई बचत रकम) रु.३८९५६५१।०० बिद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३८,९५,६५१

७७ **नमूना विद्यालय कन्टीजेन्सी खर्च**

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को बुँदा नं.२.३.१७ को बुदाँ नं. १.७.१.६ मा सशर्त अनुदान अन्तर्गतका वित्तीय हस्तान्त्रण रकममा कन्टिजेन्सी वापतको रकम कट्टा नगरी तोकिएको रकम सम्बन्धित बिद्यालयको खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । जस अनुसार नमूना बिद्यालयको भौतिक निर्माणको रकमबाट कन्टिजेन्सी खर्च नगरी सम्पूर्ण रकम निर्माणमा खर्च गर्नुपर्ने देखिन्छ । तर नमुना विद्यालयको रुपमा रहेको बैजनाद्य नमूना बिद्यालयको भौतिक संरचना निर्माणको काम गराउन मू.अ.कर समेत रु.११४५३८०१।०० को लागत अनुमान तयार गरी डि.पि.कन्स्ट्रक्सन डोटीबाट काम गराएकोमा कार्यान्वियन पुस्तिकामा भएको प्राबधान बिपरित पालिकाले गो.भौ.नं.२३।२०८२।३।२३ बाट नमूना विद्यालय भौतिक निर्माणको शीर्षकबाट रु.११५९५०।०० बिभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता वापत खर्च गरेको पाईएकोले नियमसम्मत नदेखिएको रु....

अनियमित भएको	१,१५,९५०

७८ **पूरानो ठेक्काको पेश्की सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। तर देहायका पूराना ठेक्काहरुको लागि दिएको पेश्की बाँकी अभिलेख लेखा प्रणालीमा लेखांकन नभई म्यानुअली लेखांकन गरेको हुदाँ सो को बिबरण लेखापरीक्षणको लागि माग भएकोमा पालिकाबाट सो को बिबरण पेश नभएको र ति ठेक्काहरुको बिल भुक्तानी गर्दा कट्टा समेत गरेको नदेखिएकोले ति ठेक्काहरुको पेश्की बाँकी रहे नरहेको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ पालिकाले ति ठेक्काहरु र अन्य ठेक्काहरुको पेश्की बाँकी रकम यकिन गरी नियम तथा सम्झौताको शर्त अनुसार असुल फछ्यौट गर्नुपर्दछ।

ठेक्का नं.	निर्माण ब्यबसायी	यस बर्ष भुक्तानी	कुल भुक्तानी रकम	पेश्की जमानत बैंक र रकम	जमानतको म्याद	कैफियत
डब्ल्यू।३।०७८।७९	जय श्री बैजनाथ नि.से.	२३२४६२४	५९४०९२६	कृ.बि.बैंक साँफेबगर रु.९७८८१०	२०८०।३।३०	यस बर्ष अन्तिम बिल भुक्तानी दिएकोमा पेश्की कट्टा नगरेको,गत बिगत बर्ष प्रथम र दोश्रो बिलबाट रु.६८०१०० कट्टा गरेकोमा पेश्की जमानत रु.९७८८१०।०० रहेको हुदाँ पेश्की बाँकी सम्बन्धमा यकिन भएन । साथै ।पेश्की जमानतको म्याद समाप्त भएको ।
डब्ल्यू।२।०७८।७९	जय श्री बैजनाथ नि.से.	२३३७३७२	६५३५३५०	कृ.बि.बैंक साँफेबगर रु.१०९६०५२	२०८०।३।३०	यस बर्ष अन्तिम बिल भुक्तानी दिएकोमा पेश्की कट्टा नगरेको,गत बिगत बर्ष प्रथम,दोश्रो र तेश्रो बिलबाट पेश्की कट्टा गरेको नदेखिएको एवम पेश्की जमानत रु.१०९६०५२ रहेको हुदाँ पेश्की बाँकी सम्बन्धमा यकिन भएन । साथै ।पेश्की जमानतको म्याद समाप्त भएको ।

७९ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यबिधि,२०७५ को दफा ७ मा नागरिक आवासबाट लाभान्वित ब्यक्तिले प्राप्त हुने अनुदान रकमबाट निर्माण सम्पन्न पश्चात प्राबिधिक कर्मचारीबाट उक्त निर्माण कामको प्राबिधिक प्रतिबेदन पेश भएपछि अनुदान रकम उपलब्ध गराउन सकिने प्राबधान रहेको छ । देहाय लाभग्राहीहरुलाई आवास निर्माण सम्पन्न भएको जनाई प्रति परिवार रु.७२०००।०० को दरले भुक्तानी रु.२१६०००।०० दिएकोमा प्राबिधिक प्रतिबेदन पेश भएको देखिएन । कार्यबिधि बमोजिम प्राबिधिक प्रतिबेदन पेश हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	२,१६,०००

८० **भेरिएशन सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । देहायका निर्माण कामको नियममा भएको ब्यबस्था बिपरित प्रतिस्पर्धाबाट बचत रकमबाट प्राबिधिक समितिबाट प्राबिधिक पुष्ट्याई नगराई गाउँकार्यपालिकाको बैठकबाट भेरिएशन स्वीकृत गरेको नियमसम्मत देखिएन । अत पालिकाले नियमको परिधिभित्र रहेर प्राबिधिक पुष्ट्याई सहित भेरिएशन स्वीकृत गराई काम गराउनुपर्दछ ।

ठेक्का नं.	बिबरण	शुरु	भेरिएशन पश्चात	भेरिएशन रकम	भेरिएशन प्रतिशत
डब्ल्यू।३।०७८।७९	**लागत अनुमान रकम**	८६२३८२९	१०८४२१३३	२२१८३०४	२५.९२
	सम्झौता रकम	४८९४०५१	५९६४९२५	१०५९५७५	२१.६५
डब्ल्यू।२।०७८।७९	**लागत अनुमान रकम**	८९१३८१०	११०७६६३३	२१६२८२२	२४.२६
	सम्झौता रकम	५४८०२२६	६६००८८०	११२०६५४	२०.४५

८१ **बढी भुक्तानी**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१३** को निर्णयले रू **२१,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८२ **सडक स्तरोन्नती**

बिरखम्ब चिरकिट्टे हुँदै चौपायाखाली सडकको स्तरोन्नती गर्न प्रदेश सरकार र गाउँपालिकाको ५० प्रतिशत लागत साझेदारी हुने गरी समपुरक योजनामा समाबेश भई निर्माण गर्न रु.१९२२९१८०।०० (मू.अकर समेत) को लागत अनुमान तयार गरी ठेक्का नं. आर।१।०८१।८२ को निर्माण काम गर्न निर्माण व्यवसायी लालिगुराँस।हिलवेज जे.भी.सुर्खेत सँग मिति २०८२।५।३० गतेसम्म सम्पन्न गर्ने गरी रु.८७८३६८९।०० (लागत अनुमान भन्दा ५४.३२ प्रतिशत घटीमा) मा मिति २०८१।१२।१७ गते सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई पालिकाले प्रथम रनिङ्ग बिल वापत गो.भौ.नं.२३।२०८२।३।२३ बाट रु.३५७३८००।०० (प्रदेश पूँजिगतको बजेट सूत्रमा संघिय पूँजिगत शिर्षकमा ईन्ट्री गरिएको) भुक्तानी दिएको देखियो । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन ।

८२.१ पेश्कि जमानतको म्याद: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की दिदाँ पेश्कि रकम खाम्ने गरी निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । ठेक्का नं.आर।१।०८१।८२ भएको बिरखम्ब चिरकिट्टे हुँदै चौपायाखाली सडक निर्माणको काम गर्ने लालिगुराँस।हिलवेज जे.भी.सुर्खेतले नबिल बैंकबाट जारि भएको पेश्की जमानत रु.६३००००।०० को मान्य अवधी मिति २०८२।३।१७ (२०२५ जुलाई १) सम्म मात्र म्याद रहेको हुदाँ पेश्की जमानतको म्याद समाप्त भएको कारण पेश्की जोखिममा परेकोले जमानतको म्याद थप प्रमाण पेश हुनुपर्ने अन्यथा प्रचलित कानून अनुसार असुल उपर गर्नुपर्ने रु......

प्रमाण पेश नगरेको	६,३०,०००

८२.२ बचत रकम: अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ को दफा २८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानीय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । साथै लागत साझेदारिमा गर्नु पर्ने काममा भएको प्राबिधिक मूल्यांकन अनुसार लागत अनुमान तथा सम्झौताको अनुपातमा सम्बन्धित निकायले आनुपातिक रुपमा रकम ब्यहोर्नुपर्दछ । बिरखम्ब चिरकिट्टे हुँदै चौपायाखाली सडक योजना प्रदेश सरकार र पालिकाको ५० प्रतिशत लागत साझेदारीको कार्याक्रम भएको हुदाँ यस बर्ष प्रदेश पूँजिगतबाट प्रथम रनिङ्ग वापत गो.भौ.नं.२३।२०८२।३।२३ बाट रु.३५७३८००।०० र गाउँपालिका पूँजिगतको गो.भौ.नं.१४१।२०८२।१।१६ बाट रु.६३००००।०० पेश्की दिएको समेत कुल रु.४२०३८००।०० निर्माण व्यवसायी लालिगुराँस।हिलवेज जे.भी.सुर्खेतलाई भुक्तानी दिएको पाईयो । यस बर्ष निर्माण व्यवसायीलाई पेश्की समेत भुक्तानी दिएको कुल रकम रु.४२०३८००।०० मध्ये ५० प्रतिशत रु.२१०१९००।०० प्रदेश पूँजिगतबाट भुक्तानी दिनुपर्नेमा रु.३५७३८००।०० दिएकोले गाउँपालिकाले समेत व्यहोर्नुपर्ने रकम रु.१४७१९००।०० प्रदेश बजेटबाट बढी दिएको पाईएकोले प्रदेश संचितकोषमा फिर्ताको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,७१,९००

८३ **अधुरो निर्माण**

पालिकाको वडा नं. १ मा पन्ध्र सैया अस्पताल भवन निर्माण कार्य ठेक्का नं.१६।०७७।०७८ को लागि निर्माण कार्यको लागत अनुमान रु.१८१३७१८३५।०० तयार गरी प्रतिस्पर्धाबाट छनौट भएको निर्माण व्यवसायी श्री स्वार/असोसियट/रन्जितकार जे.भी.सँग मिति २०८०।२।१५ मा सम्पन्न गर्ने गरी मिति २०७८।३।१७ मा रु.१२५२९८७५४।०० को सम्झौता गरेकोमा भेरिएसन समेत रु.१५२४८५२१५।०० सम्झौता अंक कायम हुन गई गत बर्षसम्म रु.४९५२२९१०।०० भुक्तानी गरेकोमा यस बर्ष निर्माण काम नभएको कारण भुक्तानी भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८३.१ खरिद सम्झौताको अन्त्यः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानत प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखी पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन।तर पन्ध्र सैया अस्पताल भवन निर्माण कार्य ठेक्का नं.१६।०७७।०७८ का निर्माण व्यवसायीले नियमावलीमा व्यवस्था गरेको कागजात र सम्पन्न हुन नसकेको कारण नखुलाई म्याद थपको लागि दिएको निवेदनको आधारमा कार्यपालिकाको मिति २०८१।०३।०१ को निर्णयानुसार २०८१।३।१५ सम्म म्याद थप गरेको भएतापनि निर्माण कामको म्याद समाप्त भई सकेकोमा यस वर्ष कुनै पनि थप काम गरेको एवम भुक्तानी भएको छैन । पालिकाले च.नं.२०४७ मिति २०८२।२।२२ गते त्यस निर्माण ब्यबसायीको लापरवाहीको कारण निर्माण कार्यमा ढिलासुस्ती भएकोले बिभिन्न मितिमा पटक पटक पत्राचार गरेकोमा निर्माण काम नगर्ने तथा त्यसको जवाफ नदिएको कारण यस पत्रको मितिले सात दिन भित्र लिखित कारण सहित पालिकामा उपस्थित हुन र काम संचालन गर्नुहुन अन्यथा प्रचलित कानून तथा सम्झौता अनुसार कारवाही अगाडी बढाइने बेहोरा सहितको अन्तिम पटक पचात्रार गरेकोमा सो पत्रको जवाफ दिएको तथा काम शुरु गरेको देखिएन । अत निर्माण कार्यको कार्यसम्पादन जमानत सानिमा बैंकको रु.१८५००००००।० र निर्माण कार्यको पेश्की जमानत सानिमा बैंकको रु.२००००००००।०० रहेकोले प्रचलित कानून तथा सम्झौताको शर्त बमोजिम ठेक्काको कारबाही टुङ्ग्याउनु पर्दछ ।

८३.२ म्याद थप- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौताको अवधिभित्र खरिद कार्य सम्पन्न हुन नसकेमा खरिद सम्झौताको अवधी सकिनु भन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, वीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पन्ध्र सैया अस्पताल भवन निर्माण कार्य ठेक्का नं.१६।०७७।०७८ का निर्माण व्यवसायीले नियमावलीमा व्यवस्था गरेको कागजात र सम्पन्न हुन नसकेको कारण नखुलाई म्याद थपको लागि दिएको निवेदनको आधारमा कार्यपालिकाको मिति २०८१।०३।०१ को निर्णयानुसार २०८१।३।१५ सम्म म्याद थप गरेको भएतापनि निर्माण कामको म्याद समाप्त भई सकेकोमा यस वर्ष कुनै पनि थप

काम गरेको एवम भुक्तानी भएको छैन । निर्माण कामको अबधि समाप्त भई सकेको अवस्थामा प्रचलित कानून तथा सम्झौताको शर्त बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी म्याद थप गरी बाँकी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ भनि गत बर्षको प्रतिबेदनमा बेहोरा उल्लेख गरेकोमा स्थिती यथावत रहेको हुदाँ सम्झौताको शर्त बमोजिम आवाश्यक कारवाही गर्नुपर्दछ ।

८३.३ घेरवार पर्खाल- पालिकाले पन्ध्र सैया अस्पताल भवन निर्माणको वरीपरी पर्खाल निर्माण कार्यको लागि माथि उल्लेखित पन्ध्र शैया अस्पतालको लागत अनुमान तथा सम्झौता अंक बाहेक रु.३०८१२९४३।६६ को लागत अनुमान तयार गरी रु.२६७८६४६१।६७ मा भेरियसन आदेशको आधारमा थप निर्माण कार्य विगत वर्षमा नै गराएको छ । उक्त घेरावार पर्खाल मध्येको रिटेनिङ्ग वाल भत्किसकेको भनि गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदनमा बेहोरा औंल्याएकोमा यस बर्ष पनि पर्खालको काम नभएको जानकारी पालिकाले गराएको हुदाँ उक्त पर्खाल निर्माण व्यवसायीबाट निर्माण गराइ अस्पताल संरचना संरक्षण गर्नुपर्दछ ।

८३.४ बीमा नगरेको- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले १५ सैया अस्पताल निर्माण कार्यको वीमा वापत बिल अफ क्वान्टिटीमा रु.१००००००।०० को प्राबधान रहेकोमा निर्माण ब्यबसायीले बीमा नगरेतापनि ठेक्काको म्याद थप गरेको देखिन्छ । निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ भनि गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिबेदनमा बेहोरा समाबेश गरेकोमा स्थिती यथावत रहेको छ ।

८४ **उपभोक्ता समितिबाट काम**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ को उपनियम ८ मा उपभोक्ता समितिहरुबाट निर्माण गराउदा सम्झौता तथा लागत अनुमान अनुसारको काम तोकिएको समयमा गर्नुपर्ने र समयमा काम सम्पन्न नगरेको अवस्थामा म्याद थप गर्न नमिल्ने तथा समितिसँग भएको सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनुपर्ने ब्यबस्था गरेको छ ।यसरी उपभोक्ता समितिबाट भएको कामहरु मध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि उपभोक्ता समितिहरुले सम्झौता अनुसार आर्थिक बर्ष भित्र नसकी काम बाँकी रहेको एवम केही उपमभोक्ता समितिहरुले खर्च अनुमोदन गरी पेश नगरको पाइएकोले नियममा भएको प्रावधानको पालना गरेको पाईएन । उपभोक्ता समितिबाट भएको कामको सम्बन्धमा देखिएका मुख्य ब्यहोराहरु निम्नानुसार रहेका छन ।

८४.१ हस्तान्तरण नगरेको: सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

८४.२ बहाल कर:- आयकर ऐन, २०५८ अनुसार दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको भाडामा १० प्रतिशत बहाल कर लाग्ने ब्यबस्था गरेको छ । पालिकाले पतलचौर सिचाई कुलो निर्माण उपभोक्ता समितिलाइ निर्माण कामको गौ भौ न ७५ मिति २०८१/०९/२६ बाट भुक्तानी दिएको मध्ये बहाल वापत रु.४०४४०।०० भुक्तानी दिएकोमा बहाल कर रु.४०४४।०० कट्टा नगरी भुक्तानी दिएको भनी उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.....

असुल गर्नुपर्ने	४,०४४

८४.३ निर्माण व्यवसायीबाट कार्य: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा

सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्यहरु निर्माण व्यवसायीबाट गराएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट देखिन्छ । उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो सम्पुर्ण काम डोजर तथा हेभिउपकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्र्याक्टमा लगाएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त सबै काम निर्माण व्यवसायीको डोजर तथा हेभि उपकरण मार्फत गराउदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

भौ.नं. र मिति	भुक्तानी रकम	उपभोक्ता समितिको नाम	संलग्न निर्माण व्यवसायीको नाम	निर्माण व्यावसायीको विल पेश भएको रकम
८३।०८१।११।१	१२२९४४९	अग्निखोला पैया सल्ला सडक नि.उ.स.	साउद कन्स्ट्रक्सन धनगढी	१७९५२००

८४.४ प्राबिधिक मूल्यांकन पेश नभएको:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा १० लाख रुपैंयासम्म लागत अनुमान भएको खरिद कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको खरिद प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष देहाय अनुसार बिभिन्न साइजका पाइप प्रतिस्पर्धा बिना रु.१४९९९२०।०० को सोझैं खरिद गरेको छ । यसरी खरिद गरिएका निर्माण सामाग्रिहरु जडान भएको प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ८४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१४,९९,९२०

८५ स्थानीय दररेट निर्धारण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

८६ निर्माण कामको बिमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण काम गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च एवम तेश्रो पक्ष र जनशक्तिहरुको समेत त्रुटि सच्याउने अबधी समेत खाम्ने गरि बीमा गराउनुपर्ने ब्यबस्था रहेको छ । पालिकाबाट गत बिगत बर्षहरु र यस बर्ष ठेक्का ब्यबस्थापन भई निर्माण काम भई सकेका तथा भइ रहेका कामहरुको नियममा ब्यबस्था भए अनुसार बीमा नगरेको,बीमा गरेको भएपनि शुरु अबधिदेखि नगरी धेरै पछि देखि गरेको,सम्पूर्ण पक्षको बीमा नगरेको र पुरै अबधि खाम्ने गरी बीमा नगरेको जस्ता कैफियत देखिएको छ । निर्माण ब्यबसायीहरुले पुरै अबधीको बीमा नगर्ने एवम सम्पूर्ण पक्षको बीमा नगरेको अबस्थामा बीमा वापत सम्पूर्ण रकम भुक्तानी दिन मिल्ने देखिदैन । यस तर्फ पालिकाले ध्यान दिई सुधार गर्नुपर्दछ । साथै नियम तथा ठेक्काको शर्त बमोजिम सम्पूर्ण पक्ष समेटेर शूरू अबधिदेखि त्रुटी सच्याउने अवधिसम्मको बीमा गरेको पोलिसी तथा प्रिमियम बुझाएको बिजक पेश गर्नुपर्दछ । यसरी निर्माण कामको बीमा रकम प्रोभिजनल सममा बि.ओ.क्यू.मा राखेकोमा निर्माण ब्यबसायीहरुले बीमा वापत प्रिमियम बुझाएको रकम भन्दा बढी भुक्तानी भएको रु.२४९८२।०० असुल हुनुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	२४,९८२

८७ ल्याब टेष्टको बिजक पेश नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (ङ) बमोजिम सम्झौता कार्यान्वयनको क्रममा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यहरुको स्वीकृत स्पेशिफिकेशनमा तोकिए बमोजिम नमुना लिई सोको परीक्षण गराई गुणस्तर सम्बन्धमा आश्वस्त भएपश्चात मात्र भुक्तानी गर्नुपर्दछ। कार्यालयले बिभिन्न बिद्यालयहरु निर्माणको काम ठेक्काबाट निर्माण ब्यबसायीले गरेकोमा बि.ओ.क्यू.मा ल्याब टेष्टको प्रोभिजनल सममा राखेको र प्राबिधिक बिल भुक्तानी गर्दा ल्याब टेष्ट गरी रकम बुझाएको बिजक बिना निर्माण व्यवसायीलाई ल्याब टेष्ट रकम भुक्तानी दिएकोले पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.....

(विस्तृत विवरण बेरूजु दफा ८७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	८५,०००

८८ **बजेट भन्दा बढीका ठेक्का**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने ब्यबस्था गरेको छ । तर पालिकाले देहायका योजनाहरुमा बजेट बिनियोजन भन्दा बढी वा बहुबर्षिय श्रोत सुनिश्चितता बिना लागत अनुमान तयार गरि ठेक्का वा उपभोक्ता समितिबाट निर्माण काम गराएको पाइएकोले नियमसम्मत देखिएन । यसरी निर्माण काम गराउँदा बजेटको अभावको कारण निर्माण काम अधुरो हुने तथा समयमा काम सम्पन्न नभएको अवस्था रहेको छ । बजेट भन्दा बढी रकमको काम गराउदाँ भुक्तानी दायित्व प्रत्येक बर्ष बढ्दै गईरहेको अबस्था देखिएकोले यसरी काम गराउने परिपाटिमा सुधार हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८९ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको पाइएन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको छ । ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

९० **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९१ **कार्यस्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(क) अनुसार सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजांच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा र नियम १२४ अनुसार सम्वन्धित कार्यको कार्य स्वीकार प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिनु पर्दछ। पालिकाले उपभोक्ता समिति र निर्माण ब्यबसायीहरुबाट बिभिन्न निर्माण काम गराएकोमा अन्तिम प्राबिधिक मूल्यांकन गरी भुक्तानी दिएकोमा नियमावली बमोजिम कार्यस्विकार प्रतिबेदन गरेको पाईएन । नमूना छनौटको आधारमा परीक्षण गर्दा देहाय बमोजिमका केही निर्माण कामको कार्यस्वीकार प्रतिबेदन लेखापरीक्षण अबधि सम्म तयार नगरेकोमा प्रतिबेदन छलफलको समयमा तयार गरी पेश गरेको छ । यसरी निर्माण काम प्रचलित कानून एवम सम्झौताको शर्त बमोजिम तोकिएको समयमै गरी तथा गराई निर्माण काम स्वीकार गरे पश्चात कामको अन्तिम मूल्यांकन गरेर कार्यस्वीकार प्रतिबेदनको आधारमा अन्तिम बिलको भुक्तानी दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९२ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १८.५८ देखि ५४.३२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मसका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधी सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

(विस्तृत विवरण बेरूजु दफा ९२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९३ खाता रोक्का

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) अनुसार प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ। त्यस्तै आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार देहायका निर्माण कामको निर्माण ब्यबसायीलाई प्राबिधिक मूल्याङ्कन गरी भुक्तानी दिए पश्चात विविध समस्या परेको कारण जनाई बैंकलाई पत्राचार गरेर सम्बन्धित निर्माण ब्यबसायीको बैंक खाता रोक्का राखेकोमा खाता रोक्का राखेको कारण पेश हुन आएन । प्राबिधिक मूल्याङ्कन गरी भुक्तानी खर्च लेखी बैंक खाता रोक्का राख्ने कानूनी व्यवस्था नभएको र बिना आधार खाता रोक्का राखेको सम्बन्धमा सम्बन्धित कर्मचारी/पदाधिकारीलाई जिम्मेबारी बनाउनु पर्दछ। अत: शर्त तथा नियम विपरित भुक्तानी दिई खाता रोक्का राख्ने कार्य नियमसम्मत नदेखिएको रु.

(विस्तृत विवरण बेरूजु दफा ९३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१,०१,३६,२८६

९४ पालिकाबाट सडक मर्मत

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट काम गर्नु पर्दा सो कामका लागि आवश्यक पर्ने प्रावधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने र अमानतबाट गरिने कार्य एक लाखमा नबढाई गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न सडक मर्मत,कटिङ्ग तथा सरसफाई गर्नको लागि ईन्धन खर्च भएको आयल स्टोर्सको बिल बमोजिम देहाय अनुसार गाउँपालिका पुँजीगतबाट खर्च लेखाङ्कन गरेकोमा कुन कुन सडकहरुमा कहिले कुन ईक्विपमेन्ट प्रयोग गरी मर्मत तथा निर्माणको काम गराएको हो सो कुराको पुष्टी हुने मिति,प्राबिधिक मूल्यांकन,लागत अनुमान लगायतका प्रमाण बेगर गाउँपालिका पूँजिगतबाट खर्च गरेको पाईयो । यसरी निर्माण काम भएको पुष्ट्याई हुने प्राबिधिक मूल्यांकन लगायतको प्रमाण बेगर पूँजिगतबाट ईन्धनमा भएको खर्चको प्राबिधिक मूल्यांकनको प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रू.

गो.भौ.नं.र मिति	रकम	भुक्तानि पाउनेको नाम
१०।२०८१।६।९	९७३८३४	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
१२।२०८१।६।१८	१६९३८०	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
१६।२०८१।६।२०	३८२६९५	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
१०।२०८१।६।९	९७३८३४	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
३२।२०८१।८।१०	३४०९७८	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
४१।२०८१।९।२४	६३३०००	ईन्द्रसरा आयल स्टोर्स साँफेबगर
जम्मा	**३४७३७२१**	

अनियमित भएको	३४,७३,७२१

९५ **कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशतका दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा के कति रकम कट्टी गरेको हो सो सम्बन्धि अभिलेख खाता राखेको पाइएन । जसबाट खर्च रकम पनि नियमावलीमा भएको व्यवस्था अनुसार नै खर्च भएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टेन्जेन्सी खाताको व्यवस्था गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

९६ **पाइप जडान नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं ७४५।२०८०।०३। १६ बाट ३२ एम एमको ८०० मिटर पाइप २७०० मिटर, २० एम एम को पाइप ३४४ मिटर र ५०० लिटरका २ टंकी समेतको रु ९९९०७ मा खरिद गरी प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तिवक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९९,९०७

९७ **सवारी भाडामा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **३८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९८ **फरक शीर्षक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ। त्यसै गरी अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को खर्च शीर्षकको वर्गीकरण र ब्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ। पालिकाले विनियोजित बजेटबाट ऐन र निर्देशिका विपरीत एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च गर्ने गरेको देखियो। विनियोजित बजेटबाट पालिकाले यो वर्ष निम्नानुसार शीर्षक फरक पारी खर्च गरेको देखिएको छ। पालिकाले सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्ने कुरामा ध्यान पुर्याउनुपर्दछ ।

भौचर नं	विनियोजित शीर्षक	खर्च भएको शीर्षक	खर्च रू.
४७।२०८१।०६।१९	मसलन्द तथा कार्यालय सामान	कला संस्कृति संरक्षण	४०००००
५७।२०८१।०६।२	मसलन्द तथा कार्यालय सामान	राष्ट्रपति रनिङ शिल्ड	९०३५४८
१०५।२०८१।०८।१०	सवारी साधन मर्मत	मसलन्द तथा कार्यालय सामान	६०६५२७
५६२।२०८२।०२।०७	इन्धन अन्य प्रयोजन	कर्मचारी कल्याण कोष	२८३९९१
५६४।२०८२।०२।१९	इन्धन अन्य प्रयोजन	कर्मचारी कल्याण कोष	४००४०४
५७९।२०८२।०२।२३	इन्धन अन्य प्रयोजन	कर्मचारी कल्याण कोष	१८५०९८
६२०।२०८२।०३।०७	इन्धन अन्य प्रयोजन	कर्मचारी कल्याण कोष	२१९९७६
९४५।२०८२।०३।२५	सेवा तथा परामर्श	करार स्वास्थ्यकर्मीको तलब	६०४०५०
जम्मा			**३६०३५९४**

९९ जरिवाना भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा यस ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । पालिकाले समयमा विद्युत महसूल रु ३२९८२० भुक्तानी गर्दा जरिवाना रु १५५६१ तथा सवारी नवीकरण दस्तुर वापत रु ११८६४० भुक्तानी गर्दा जरिवाना रु ३३६८० समेत भुक्तानी गरेकोले जरिवाना वापत थप रु ४९४२१ दस्तुर समेत खर्च लेखेको देखियो। समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गरेकोले लाई पालिकालाई थप रु ४९२४१ व्ययभार परेको देखिन्छ ।समयमा बिल भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१०० बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।दशपल्लेपानी माध्यामिक विद्यालयमा २०८२ को इमिस प्रतिवेदन अनुसार कक्षा ६ मा ७८ जना विद्यार्थी रहेको र सोही वमोजिम विद्यार्थीले पुस्तक समेत वुझेको भरपाई पेश भएको तर पाठ्यपुस्तकका लागि ९० जनाको निकाशा भएकोले वढी निकासा भएको १२ जनाको रू.७०८।४० दरले हुने रु.८५०० असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८,५००

१०१ बिल भरपाई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले वैजनाथ माध्यामिक विद्यालयलाई भौ.नं.१९।२०८१।८।१० तथा २१५।२०८२।३।१८ बाट पाठ्य पुस्तकको रु.२,९७,२०४।०० निकासा गरेकोमा पुस्तक खरिद विल तथा विद्यार्थी संख्या खुल्ने EMIS प्रतिबेदन र बुझेको भर्पाई पेश नभएको रू.

प्रमाण पेश नगरेको	२,९७,२०४

१०२ अनुदान निकाशा

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमीद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नंवर २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था अनुरुप निकासा भएको रकमका सम्बन्धमा स्थानीय तह प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन

गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिमका विद्यालयहरुलाई अनुदान रकम उपलब्ध गराएकोमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । तसर्थ उक्त रकम उपयोगको सम्बन्धमा प्रस्ताव अनुरुप भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

क्र.स	विद्यालयको नाम	विवरण	अनुदान रू.
१	देवीमाण्डौं माध्यामिक विद्यालय	पुस्तकालय स्थापनाका लागि अनुदान	६४९३४९
२	वैजनाथ माध्यामिक विद्यालय	नमूना विद्यालय शैक्षिक गुणस्तर अनुदान	१००००००
जम्मा			**१६४९३४९**

१०३ सामाजिक तथा आर्थिक लेखापरीक्षण

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नंवर २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने एवं विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने समेत उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका ८ माध्यामिक विद्यालयलाई रु.१५०००।- का दरले रु. १,२०,०००।-तथा ३० आ. वि. लाई रु.१०,०००।– का दरले रु.३००,०००।- रु.४,२०,०००।– सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि निकाशा गरेको छ । विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को सामाजिक तथा आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको भएतापनि आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन । कार्यविधि अनुसार आर्थिक वर्ष २०८१।८२ को समेत लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ

१०४ दोहोरो नागरिकता नम्बर

पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । साथै नियमानुसार प्रत्येक व्यक्तिको नागरिकता नम्वर फरक हुनुपर्नेमा एकै नागरिकता भएका दुई वा दुई भन्दा बढी व्यक्ति रहेकोले नागरिकता नम्वर सच्याउन सम्वन्धित निकायमा लेखि पठाउन पहल गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन्:

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नम्बर
१	१	किर्ते साउँद	२।९४।०४४।४५
२	२	दली साउँद	२।९४।०४४।४५
३	१	भाना साउँद	२।२०४।०४४।४५
४	२	जगु भूल	२।२०४।०४४।४५
५	१	केहरु थापा	२।१२०।०४४।०४५
६	२	नन्दी साउँद	२।१२०।०४४।०४५
७	१	गोरख बहादुर शाही	२।१३१।०४४।४५
८	२	नारद जोशी	२।१३१।०४४।४५
९	१	पारु साउँद	२।४२१।०४४।४५
१०	३	शुर्मा साउँद	२।४२१।०४४।४५
११	१	दान सिंह लुहार	२।५३५।०४४।४५
१२	३	नरी साउँद	२।५३५।०४४।४५

१०५ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

क) पारदर्शिता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

ख) नवीकरण - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि,२०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन।नविकरण नभएको लाभग्राहीको नविकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।

ग) सार्वजनिक सुनुवाई - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

घ) अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको विवरण पेश हुन आएन।अनुगमन तथा निरीक्षण अनुगमन तथा निरिक्षणको अभावमा वितरण प्रकृया नियमानुसार भएको छ भन्ने एकिन नहुने साथै सोमा गर्नुपर्ने सुधारका लागि पृष्ठपोषण नहुने हुँदा कार्यविधिको व्यवस्था कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ ।

ङ) निस्कृय खाता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को अनुसूची १० मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन।तसर्थ, निष्क्रिय खाता सम्वन्धी विवरणका अभावमा कति खाता निष्क्रिय छन र सोमा कति रकम बाँकि छ एकिन गर्न सक्ने अवस्था रहेन। पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंकसँग माग गरी निष्कृय खातामा रहेको रकम फिर्ता गर्नुपर्दछ।

१०६ **सेनिटरी प्याड खरिद**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३, अनुसूची-१ मा पालिकाले खरिद गर्ने सेनिटरी प्याडको साइज न्यूनतम लम्बाई २४०+ 20 एमएम चौडाई ६० देखि ७५ एम एम र मोटाइ १५ + 2 एमएम हुनुपर्ने छ । त्यसैगरी दफा ४ मा स्थानीय तहले खरिद गरेका सेनिटरी प्याड सुरक्षित भण्डारण गर्नुपर्ने, दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा २१ मा यस कार्यक्रमको कार्यान्वियनको प्रगती विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ । पालिकाले भौ. नं २०१। २०८२।३।१७ बाट १७१६० प्याकेट सेनिटरी प्याड रु.१२८६९६७।-मा खरीद गरी एन्जिला ट्रेड एण्ड सप्लायर्स तथा भौचर नं

२४०।२०८२।३।२३ बाट १२१० प्याकेट सेनिटरी प्याड रु.९९८१३।- मा खरिद गरी प्रशान्त सर्जिकल हाउसलाई भुक्तानी गरेको छ । यसरी पालिकाले वर्षान्तमा विना प्रतिस्पर्धा २ पटक खुल्ला कोटेशनको माध्यमले रु.१३८६७८०।-को सोझै खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याडको वीजकमा २४० एम एम उल्लेख भएता पनि कार्यविधिमा तोकिएको सबै मापदण्ड तथा स्पेशीफिकेशन अनुसार भए नभएको सम्बन्धमा सेनिटरी प्याड प्राप्त गरी दाखिला गर्दा सम्बन्धित विज्ञ सहितको खरिद समितिबाट मुचुल्का उठाइ दाखिला गरेको देखिएन । त्यसैगरी खरिद गरिएका सेनिटरी प्याड मध्ये मिति नखुलाई विभिन्न १३ विद्यालयलाई १८१०० प्याकेट वितरण गरी २७० प्याकेट पालिकामै मौज्दात रहेको देखियो । विद्यालयलाई बुझाउँदा विद्यालयको छाप समेत लगाई बुझाउँनु पर्नेमा बुझेको दस्तखत मात्र भएकोले यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिन्छ । साथै पालिकाले सेनिटरी प्याड खरिद तथा वितरण गर्दा कार्यविधिमा तोकिएको मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गरी उचित भण्डारण एवं कार्विधिमा तोकिएका अन्य प्रक्रिया समेत पालना गर्नुको साथै प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्छ ।

१०७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम लेखापरीक्षण अवधिसम्म जिन्सी निरीक्षण गराई प्रतिवेदन पेश गरेको छैन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : चौरपाटी गाउँपालिका, अछाम , चौरपाटी गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धन बहादुर थापा	२०८०-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	राम बहादुर राना	२०८०-८-२४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,६६९,२३३	१५,२२९,९५७	१०,१७२,४८६	०	०	३,२४०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३१,३११,६७६
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					३००,४७५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३१,०११,२०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३०८१६४४५.१५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०४५१८३४५.३७	चालु खर्च	३४९९२६८४९.३७
प्रदेश सरकारबाट अनुदान	३५२७८८१५	पूँजीगत खर्च	१०२८७८५८६
राजश्व बाँडफाँट	१००६८९७५३.४४	वित्तीय/अन्य व्यवस्था	१३९९५६०११.९४
आन्तरिक आय	४७४६४७९.७		
अन्य आय	१२७३९४२५६.८३		
कुल आय	५७२६२७६५०.३४	कुल खर्च	५९२७६१४४७.३१
बाँकी मौज्दात		१०६८२६४८.१८	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		१०,१८,५८,४६७.१४	०	१०,१८,५८,४६७.१४
१३०००	अनुदान		३२,७०,८५,८५०.६६	०	३२,७०,८५,८५०.६६
१४०००	अन्य राजस्व		३८,०३,८६३.३७	०	३८,०३,८६३.३७
१५०००	विविध प्राप्ति		१,१९,०५८.००	०	१,१९,०५८.००
क	कुल जम्मा प्राप्ति		४३,२८,६७,२३९.१७		४३,२८,६७,२३९.१७
३	चालु		३४,९९,२६,८४९.३७	०	३४,९९,२६,८४९.३७
२१०००	पारिश्रमिक / सुविधा		२१,३७,५७,६१४.८२	०	२१,३७,५७,६१४.८२
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,८३,७२,४४०.५५	०	१२,८३,७२,४४०.५५
२५०००	सहायता (Subsidy)		४,२५,०००.००	०	४,२५,०००.००
२७०००	सामाजिक सुरक्षा		५०,१२,१३६.००	०	५०,१२,१३६.००
२८०००	अन्य खर्च		२३,५९,६५८.००	०	२३,५९,६५८.००
४	पूंजीगत		१०,२८,७८,५८६.००	०	१०,२८,७८,५८६.००
३१११०	भवन तथा संरचना		४६,९३,०००.००	०	४६,९३,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,०७,२१,०१३.००	०	१,०७,२१,०१३.००
३११५०	सार्वजनिक		८,७४,६४,५७३.००	०	८,७४,६४,५७३.००

	निर्माण				
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०
ख)	कुल जम्मा भुक्तानी		४५,२८,०५,४३५.३७		४५,२८,०५,४३५.३७
ग)	बचत /कमी (ग = क-ख)		(१,९९,३८,१९६.२०)		(१,९९,३८,१९६.२०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		३,६४,६०६.६९		३,६४,६०६.६९
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-१६,०३२.०४		-१६,०३२.०४
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,९५,७३,५८९.५१)		(१,९५,७३,५८९.५१)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,००,०७,७२५.६५		३,००,०७,७२५.६५
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१,०४,३४,१३६.१४		१,०४,३४,१३६.१४

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -४

ब.उ.शि.नं.	गो.भौ.नं.र मिति	रकम	योजनाको नाम	सप्लायर्सको नाम
निर्माणतर्फ				
बितिय समानीकरण संघ	१२५।०८१।१०।१२	९६९९८६	चौरपाटी खेलमैदान,शौचालय निर्माण योजना	केदार मौन्याल निर्माण सेवा चौरपाटी गा पा अछाम
बितिय समानीकरण संघ	१७१।०८२।३।२३	९५२१३२	चौरपाटी खेलमैदान स्तरोउन्नती	इद्रसरा कन्ट्रक्सन साफेवगर अछाम
बितिय समानीकरण संघ / प्रदेस समानीकरण पुजिगत	२०८।०८२।३।२५	२३२९८४	चौरपाटी खेलमैदान सौचालय घेरवार निर्माण योजना	सिद्दवावा लयाटी इन्जिनियरिंग कन्सल्टेन्सी बिनायक अछाम
संघ राजस्व बाडफाड	११४।०८१।११।२३	३६८८६४	चौरपाटी खेलमैदान कवड्डी कोर्ट निर्माण योजना	श्रीसा बिल्डर्स एण्ड इन्जिनियरींग लम्किचुवा न पा कैलाली
प्रदेस शशर्त पुजिगत	२४।०८२।३।७	८६४२६६	माछेखोला परहिरो नियन्त्रण योजना	जिमि कस्ट्रक्सन एण्ड कन्सल्ट धनगढी कैलाली
सडक बोर्ड	५।०८२।३।१५	७३४५२४	भिरमुड गहिल बिरखम्म सडक खण्ड मर्मत	ए आर इन्जिनियरिंग कन्सल्टेन्सी क प्रा मंगलसेन अछाम
सडक बोर्ड	३४।०८२।२।२०	८०००००	लुंग्रा पहिरो नियन्त्रण	सोडसा देबे निर्माण सेवा साफेवगर अछाम
प्रदेश शसर्त अनुदान	५०।०८२।३।२४	७६४५९१	बल्ल बाध्ने खानेपानी मुहान संरक्षण योजना	डि एल निर्माण सेवा चौरपाटी अछाम
प्रदेश शसर्त अनुदान	३२।०८२।३।२०	८०००००	नमुना खानेपानी मुहान स्रोत संरक्षण तथा पुर्नभरण कार्यक्रम	इसान इस्मृती निर्माण सेवा चौरपाटी अछाम
गा पा साजस्व बाडफाड	४।०८२।३।१५	४५५५६०	चौरपाटी लुंग्रा सडक जाली	लविका बिल्डर्स साफेवगर अछाम
सडक बोर्ड	१६०।०८२।३।१५	८८३३०९	चौरपाटी लुंग्रा सडक खण्ड मर्मत कार्य	आर के निर्माण सेवा मंगलसेन अछाम
सडक बोर्ड	७८२।०८२।३।२२	७३५५३१	गैरिलेख लुगडा रिखिचडा मर्मत कार्य	डल्फिन बिल्डर्स बाँके कोहल्पुर अछाम
गा पा पूँजिगत	७७।०८१।९।२४	९५४९५८	बैजनाथ मा.बि.मेशिनरीवाल निर्माण	एन.पि.एस.निर्माण सेवा धनगढी
गा पा पूँजिगत	७९।०८१।९।२४	९५५४०२	खेतिखोला मुल्ली सिंचाई	एन.पि.एस.निर्माण सेवा धनगढी
गा पा पूँजिगत	८१।०८१।१०।२९	९५४९५७	बैजनाथ मा.बि.मेशिनरीवाल निर्माण	के.एल.कन्स्ट्रक्सन डोटी
जम्मा		**११४२७०६४**		
खरिदतर्फ				
गा पा पूँजिगत	२०।०८१।८।७	६६८९२०	ल्यापटप समेत खरिद	एम टेक कम्प्यूटर्स धनगढी
गा पा पूँजिगत	२२।०८१।८।७	२९५९९९	ल्यापटप ४ थान	दिपेश ईन्फोसिस धनगढी
गा पा पूँजिगत	९६।०८१।११।१८	९२२४११	ल्यापटप ४ थान समेत ५ आईटम	ईन्दु ट्रेडर्स धनगढी
गा पा पूँजिगत	१०८।०८१।११।२३	१८६४६९	सामसुङ्ग मोबाईल चार्जर समेत	गडतोला ट्रेडर्स धनगढी गा पा अध्यक्षको लागि
गा पा पूँजिगत	१०९।०८१।११।२३	९४४११५	प्रिन्टर एक थान समेत १० आईटम	जयकेदार बिजनेश ग्रुप प्रा.लि.धनगढी
गा पा पूँजिगत	१३५।०८१।१२।१७	९७३५४०	ए.सि.१.५ टन,वास मेशिन समेत	ईन्दु ट्रेडर्स धनगढी

जम्मा		३९९१४५४		
कुल जम्मा		१५४१८५१८		

बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -५

ब.उ.शि.नं.	गो.भौ.नं.र मिति	रकम	बिनियोजित शिर्षक	खर्च भएको शिर्षक	कैफियत
गा.पा.पूँजिगत	१९६।०८२।३।२५	२८१२५२	निर्माण सामाग्री खरिद	रनिङ्ग शिल्ड प्रतियोगिता	पालिकाको कर्मचारी मार्फत गर्नुपर्नेमा समितिबाट गराएको
गा.पा.पूँजिगत	१८९।०८२।३।२४	१७७६०६८	बिरखम्बा चिरकिट्टे सडक	सवारी साधन मर्मत	बिभिन्न ४ वटा सवारी साधन मर्मत वापत सिंहदेवी अटो सेन्टर धनगढीलाई भुक्तानी
गा.पा.पूँजिगत	२०२।०८२।३।२५	१४५७३६१	दशपल्ले पानी मा.बि.भवन निर्माण समेत ६ वटा योजना	पौवा गाहिल लुड्ग्रा सडकको डि.पि.आर.दायित्व सिर्जना बिना भुक्तानि	आ.ब.२०८०।८१ मा डि.पि.आर.गराएकोमा दायित्व सिर्जना बिना भुक्तानि, अन्य योजनाको बजेटबाट भुक्तानी
जम्मा		३५१४६८१			

बेरूजु दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -६

नाम र थर	ठेगाना	रकम	कैफियत
कृति सिं कुँवर	वडा नं.४ पायल	७२०००	
नन्दा देवी बोहरा	वडा नं.४ पायल	७२०००	
नरी कुँवर	वडा नं.४ पायल	७२०००	निबेदन,सम्झौता लगायतको कागजात समेत संलग्न नभएको
जम्मा		२१६०००	

बेरूजु दफा ८४.४ सँग सम्बन्धित विवरण - अनुसूची -७

गो.भौ.नं.र मिति	रकम	सप्लायर्सको नाम	बिबरण	कैफियत
११६।०८१।११।२६	५६३९४७	मो.सकिल ट्रेडर्स एण्ड सप्लायर्स साँफेबगर	५० एम.एम.९४५ मी.,२५ एम.एम.३१३४ मी.र २० एम.एम.३००० मि.	बिभिन्न वडामा बितरण गरेको र केही मौज्दात रहेको भनाई
१२०।०८१।११।२६	४३६०००	मो.सकिल ट्रेडर्स एण्ड सप्लायर्स साँफेबगर	६३ एम.एम.१३९५ मी.	वडा नं.४ र ५ का दुई जनालाइ बितरण
१५५।०८२।२।२३	४९९९७३	मो.सकिल ट्रेडर्स एण्ड सप्लायर्स साँफेबगर		गोश्वरा भौचर लगायत बिल भरपाई पेश नभएकोले पेश गर्नुपर्दछ ।
जम्मा	१४९९९२०			

बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -८

ठेक्का नं.	निर्माण ब्यबसायीको नाम	२०८१।८२ सम्म भुक्तानी	गत बिगतमा बिमा भुक्तानी	यस बर्ष बिमा भुक्तानी	बिमा गरेको मिति	बिमाको अबधि	बिमा प्रिमियम बुझाएको रकम	बढी भुक्तानी प्रिमियम	कैफियत
डब्ल्यू।२। ०८०।८१	एन.पि.एस.निर्माण सेवा धनगढी	५८७६७७८	०	०	०	०	०	०	बि.ओ.क्यू.मा बिमाको प्राबधान भएपनि बिमा नगरेको
बि।२। ०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन अछाम	२७९३०३१	०	२८२५०	०८२।३।१५	०८२।३।२३	२०१४७	८१०३	बिमा मिति ०८२।२।२३ देखि गर्नुपर्नेमा ०८२।३।१५ देखि जम्मा ९ दिनको गरेको
डब्ल्यू।१। ०८०।८१	मालिका निर्माण सेवा अछाम	१८२७०५०	०	२५०००	०८२।३।१७	०८२।३।२०	८१२१	१६८७९	बिमा मिति ०८१।१२।४ देखि गर्नुपर्नेमा ०८२।३।१७ देखि जम्मा ४ दिनको गरेको, निर्माण कामको थप १५ प्रतिशतको बिमा नगरेको
१।०८१।८२	शोड्षादेवी निर्माण सेवा	६६३१७३९	०	२५०००	०८२।३।१५	०८२।३।२०	२४९९९	०	मिति ०८१।८।२६ देखि बिमा गर्नुपर्नेमा ०८२।३।१५ देखि गरेको
जम्मा								**२४९८२**	

बेरूजु दफा ८७ सँग सम्बन्धित विवरण - अनुसूची -९

ठेक्का नं.	निर्माण ब्यबसायीको नाम	भुक्तानी	ल्याब टेष्ट भुक्तानी	ल्याब टेष्ट वापत बुझाएको बिजक रकम	बढी भुक्तानी प्रिमियम	कैफियत
सी।१।०८१।८२	शोषडादेवी निर्माण सेवा प्रा.लि.साँफेबगर	६६३१७३९	१५०००	०	१५०००	ल्याब टेष्ट बिजक तथा रिपोर्ट पेश नभएको
बि।२।०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन अछाम	२७९३०३१	५००००	०	५००००	ल्याब टेष्ट बिजक तथा रिपोर्ट पेश नभएको
डब्ल्यू।१।०८०।८१	मालिका निर्माण सेवा अछाम	१८२७०५०	२००००	०	२००००	लक्ष्मी ईन्फ्राटेक प्रा.लि.साँफेबगरको रिपोर्ट संलग्न भएकोमा रकम बुझाएको बिजक पेश नभएको
जम्मा					**८५०००**	

बेरूजु दफा ८८ सँग सम्बन्धित विवरण - अनुसूची -१०

ठेक्का नं. वा उपभोक्ता समिति	योजनाको नाम र काम	बिनियोजित बजेट	लागत अनुमान(कन्टीजेन्सी र मू.अ.कर समेत)	सम्झौता रकम	कुल भुक्तानी रकम	कैफियत
सी।१।०८१ ।८२	मार्कु स्वास्थ्य चौकी भवन निर्माण	८००००००	१३७१८८७३	६६३२७६८	६६३१७३९	लागत अनुमानमा सर्भे एण्ड डिजाइनमा रु. ३८५६२३ समेत
१।०८१।८२	बैजनाथ मा.बि.भवन निर्माण	१००००००००	११४५३८०१	५९९०६५९	३२१५३४५	
आर।१।०८१ ।८२	बिरखम्व चौपायाखाली सडक स्तरोन्नती	७५००००००	२००००००००	८७८३६९४	३५७३८००	

बेरूजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची -११

ब.उ.शि.नं.	योजनाको नाम	ठेक्का नं.	गो.भौ.नं.र मिति	अन्तिम बिल भुक्तानी रकम	कुल प्राबिधिक मूल्यांकन	लागत अनुमान	कार्यस्वीकार प्रतिबेदन तयार मिति
गा.पा.पूँजिगत	देवीमाण्डौं मा.बि.भवन निर्माण	डब्ल्यू।३।०७८।७९	१७६।०८२।३।२४	२३२४६२४	५९४०९२६	१०८४२१३३	०८२।५।२२
गा.पा.पूँजिगत	दसपल्ले पानी मा.बि.भवन निर्माण	डब्ल्यू।२।०७८।७९	७३।२०८१।९।२६	२३३७३७२	६५३५३५०	११०७६६३३	०८२।५।२२
गा.पा.पूँजिगत	डुड्ग्री स्वा.चौ.सोकट सडक	डब्ल्यू।२।०८०।८१	२०६,१७३।०८२।३।२३	१२८११७२	५८७६७७८		०८२।५।१६
गा.पा.पूँजिगत	मष्टावण्डाली आ.बि.भवन	मष्टावण्डाली आ.बि.उ.स.	४६।०८१।९।२४	५३६५५५	३९४०८८९	३९३०८१५	०८२।६।२
गा.पा.पूँजिगत	नयाँ भवनमा खेल मैदान,शौचालय र घेरापर्खाल	कोटेशन	२०८।०८२।३।२५	२३२९८४	२३२९८४		०८२।६।६
संघ पूँजिगत	मार्कु स्वा.चौ.भवन निर्माण	१।०८१।८२	३०।०८२।३।२३	२०९९६८४	६६३१७३९	१२८५४१२१	०८२।५।२०

बेरूजु दफा ९२ सँग सम्बन्धित विवरण - अनुसूची -१२

ब.उ.शि.नं.	कामको विवरण	ठेक्का नं.	निर्माण ब्यवसयिकोनाम	लागत इस्टिमेट	सम्झौता रकम	घटी प्रतिशत
प्रदेश पूँजिगत	लुड्ग्रा स्वा.चौ.भवन निर्माण	बि।२।०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन अछाम	३४६५१३२	२८२१२५५	१८.५८
प्रदेश पूँजिगत	पथ्थरखोला टाउके सिंचाई	डब्ल्यू।१।०८१।८२	मालिका निर्माण सेवा अछाम	३५०१८२२	१८२८१९२	४७.७९
संघि पूँजिगत	मार्कु स्वा.चौ.भवन निर्माण	१।०८१।८२	शोषडादेबी निर्माण सेवा	१२८५४१२१	६६३३२४५	४८.६९
संघि पूँजिगत	बैजनाथ मा.बि.	डब्ल्यू।१।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	११४५३८०१	५९८८२८९	४७.७०
संघ समपुरक	बिरखम्ब चिरकट्टे सडक स्तरोन्नति	आर।१।०८१।८२	लालिगुराँस हिलवेज जे.भि.	१९२२९१८०	८७८३६९४	५४.३२
प्रदेश समपुरक	चौरपाटी गा.पा.कम्पाउण्ड वाल समेत	डब्ल्यू।७।०८१।८२	कौशिक निर्माण सेवा मंगलसेन	२५४६०९२३	१९१०३१३४	२४.९७

बेरूजु दफा ९३ सँग सम्बन्धित विवरण - अनुसूची -१३

निर्माण कामको बिबरण	निर्माण व्यवसायीको नाम	ठेक्का नं.	खाता रोक्का राखेको मिति	खाता रोक्का राखेको बैंक	खाता रोक्का राखेको रकम
बिरखम्ब चिरकट्टे सडक स्तरोन्नति	आर।१।०८१।८२	लालिगुराँस हिलवेज जे.भि.	०८२।३।२४	नबिल बैंक	१९५८९६६
चौरपाटी गा.पा.कम्पाउण्ड वाल समेत	डब्ल्यू।७।०८१।८२	कौशिक निर्माण सेवा मंगलसेन	०८२।३।२४	कृ.बि.बैंक	२३६५२०४
मार्कु स्वा.चौ.भवन निर्माण	१।०८१।८२	शोषडादेबी निर्माण सेवा	०८२।३।२४	कृ.बि.बैंक	१००६४४१
लुड्ग्रा स्वा.चौ.भवन निर्माण	बि।२।०८१।८२	जय श्री बैजनाथ कन्स्ट्रक्सन अछाम	०८२।३।२४	कृ.बि.बैंक	१५३५९७५
बैजनाथ मा.बि.भौतिक पूर्वाधार	डब्ल्यू।१।०८१।८२	डि.पि.कन्स्ट्रक्सन	०८२।३।२४	प्रभु बैंक लि.	३२६९७००
जम्मा					१०१३६२८६

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।